# शिक्षण सिकाईका लागि कक्षा कोठा व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय
शैक्षिक योजना तथा व्यवस्थापन विषयको (EPM. ५९८) को आंशिक
आवश्यकता परिपुर्तिका लागि तयार गरिएको

## शोध पत्र

**शोधार्थी**
तोयावहादुर बुढाथोकी
परीक्षा क्रमाङ्कः २१४०१५६/०६६
त्रि.वि.वि द नं. ८९३-८७
शैक्षिक वर्ष २०६५/०६६

**प्रस्तुत**
श्री सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ
असार, २०७१

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग ५९८ विषयको स्नातकोत्तर तह पुरा गर्ने प्रयोजनको लागि शोधपत्र पूर्णाङ्क ५० को पाठ्यभार यस “शिक्षण सिकाईका लागि कक्षाकोठा व्यवस्थापन” शीर्षकको शोधपत्रबाट पूरा गर्ने प्रयास गरेको छु ।

प्रस्तुत विषय यस क्षेत्रमा अनुसन्धान नै नभएको र समसामयिक विषय भएको हुँदा आवश्यक सामग्रीको अभाव रह्यो । प्रर्याप्त सोधखोज नभएको र तथ्याङ्क प्राप्त गर्न कठिन अवस्थाले प्रत्यक्ष सर्वेक्षणको आधारमा मात्र यो शोधपत्र तयार गर्नुपर्ने वाध्यात्मक परिस्थिति सृजना भएको यर्थाथ उल्लेख गर्न चाहन्छु । तैपनि विषय र प्रसङ्गमा उठेका उत्सुक्ता र जिज्ञासालाई समेट्ने प्रयासमा यस अध्ययनले आंशिक सफलता प्राप्त भएको नभएको मूल्याङ्कन गर्न हार्दिक अनुरोध गर्दछु ।

यो शोधपत्र तयार गर्ने क्रममा शोध प्रस्तावना शीर्षक छनोट गर्नेदेखि शोध लेख पूरा गर्ने समय सम्म आवश्यक सल्लाह, सुझाव र परामर्श दिनुहुने सुकुना बहुमुखी क्याम्पसका शोध निर्देशक श्री केशवराज भट्टराई, क्याम्पस प्रमुख श्री पितकुमार श्रेष्ठ र शैक्षिक योजना तथा व्यवस्थापन विभाग प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठज्यू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । अध्ययन कै सिलसिलामा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने विद्यालयका प्र.अ. र कम्प्युटरमा सहयोग गर्ने मेरो छोरा नीशान र भतिज दीपकराज बुढाथोकी समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

मिति २०७१/असार तोयावहादुर वुढाथोकी

# शोधसार

प्रस्तुत् शोधपत्र शिक्षण सिकाईका लागि कक्षाकोठा व्यवस्थापन शीर्षकको मुख्य उद्देश्य विद्यालयको भौतिक सुधारबाट सिक्षण सिकाईमा पार्ने प्रभाव खोजी गर्नु रहेको छ । अनुसन्धानबाट प्राप्त उद्देश्य हासिल गर्न यो शोधपत्र गुणात्मक र परिमाणात्मक ढाँचामा आधारित छ । यो शोधकार्य ७ वटा विद्यालयलाई जनसङ्ख्या मानी ७ वटा विद्यालयलाई नमूना छनोट गरी अध्ययन अनुसन्धान गरिएको छ । अध्ययनका लागि शोधकर्ता स्वयम उपस्थित भएर नमूना छनोटमा परेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक तथा प्रधानाध्यापक, विद्यार्थी र स्रोतव्यक्तिसँग प्रश्नावली, अन्तर्वार्ताको माध्यमबाट प्राप्त तथ्य तथ्यांक व्याख्या विश्लेषण गरी यो अध्ययन अनुसन्धान पुरा गरिएको छ । यस अध्ययनको तथ्याङ्क सङ्कलनको क्रममा प्रश्नावली प्रयोग गरियो भने केही द्वितीय तथ्याङ्कहरू विभिन्न लेख, रचना, पत्रपत्रिका विद्यालय अभिलेख, स्मारिका आदिबाट सङ्कलन गरिएको छ ।

अनुसन्धानको क्रममा कक्षाकोठाको व्यवस्थापन भित्र पर्ने कुराहरु विद्यार्थी संख्या अनुसार आवश्यक फर्निचर कालोपाटीको प्रयोग झ्याल, ढोकाको बनावट, प्रकाशको स्थिति आदिलाई हेर्दा तुलनात्मक रुपमा दुई विद्यालयमा मात्र कक्षाकोठाको व्यवस्थापन राम्रो भएको पाइयो भने अन्य पाँच विद्यालयमा फर्निचर अभाव कालोपाटीको प्रयोग नभएको र कक्षाकोठाको आकार ज्यादै नमिलेको पाइयो । शिक्षण सिकाईका लागि कक्षा कोठाको व्यवस्थापन राम्रो भएका विद्यालयहरुमा नतिजा राम्रो पाइयो भने राम्रो कक्षा कोठा व्यवस्थापन नभएको विद्यालयमा शिक्षण सिकाईको अवस्था नाजुक भई परिणाम संतोषजनक नभएको स्थिति देखियो ।

भौतिक साधन सुविधाको व्यवस्था हुनु, विद्यालय व्यवस्थापन समितिलाई विद्यालय प्रतिको भूमिकाको पहिचान हुनु, विद्यालयप्रति जिम्मेवारी र दायित्व थपिनु, सुधारात्मक कदम चाल्न सक्रियता र चासो बढ्नु, सरकारको मुखताक्ने प्रवृत्ति घट्नु, विद्यालय र समुदायबीचको सुमधुर सम्वन्ध बढ्नु, विद्यालयको आर्थिक कारोवार र निर्णय प्रक्रियामा स्पष्ट र पारदर्शी हुनु, विद्यालय व्यवस्थापन समितिले प्रशासनिक काम कार्वाहीमा दबाव दिनु, अस्थायी शिक्षक नियुक्तिमा नातावाद कृपावादको प्रभावकारिता वढ्नु, टाठाबाठाले विद्यालय व्यवस्थापन समितिमा प्रभुत्व जमाउनु रहेको पाइयो ।

यस अध्ययनबाट प्राप्त नतिजाको आधारमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति शिक्षकलाई समय समयमा कार्यक्रम तथा तालिमको व्यवस्था हुनुपर्ने, पुरस्कार र दण्डको नीति अपनाउनु पर्ने, व्यवसायिक तथा रोजगारमूलक शिक्षामा सरकारले जोड दिनुपर्ने, सरोकारवालासँग छलफलको व्यवस्थापन गर्नुपर्ने, विद्यालय व्यवस्थापन समितिलाई काम, कर्तव्य र अधिकारको बोध गराउने, आदिका लागि शिक्षक, प्रधानाध्यापक, जिल्ला शिक्षा कार्यालय देखि लिएर शिक्षा मन्त्रालयसम्मका लागि आवश्यक सुझावहरू प्रस्तुत गरिएकोछ ।

# विषय – सूची


| | पेज |
|---|---|
| सिफरिस पत्र | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञता ज्ञापन | ग |
| शोध सार | घ |
| विषयसूची | च |
| **परिच्छेद एक : परिचय** | |
| १. **अध्ययनको पृष्ठभूमि** | १ |
| १.१ समस्याको कथन | ७ |
| १.२ अध्ययनको औचित्य | ८ |
| १.३ अध्ययनको उदेश्य | ८ |
| १.४ अनुसन्धानात्मक प्रश्नावलीहरु | ९ |
| १.५ अध्ययनको परीसीमा | ९ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्य पुनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २. **सम्बन्धित साहित्य पुनरावलोकन** | **१०** |
| २.१ अध्ययनको सैद्धान्तिक खाका | १३ |
| २.२ अध्ययनको उपादेयता | १५ |
| **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३. **अनुसन्धान ढाँचा** | **१७** |
| ३.१ जनसंख्या र नमूना | १७ |
| ३.२ नमूना छनौंट विधि | १७ |
| ३.३ नमूना छनौंटको आधार | १८ |
| ३.४ तथ्यांकको श्रोत | १८ |
| ३.५ अध्ययनका साधनहरु | १८ |
| ३.६ तथ्यांक संकलनका प्रक्रिया | १८ |
| ३.७ तथ्यांक विश्लेषण प्रक्रिया | १९ |

## परिच्छेद चार : अध्ययन नतिजा र विश्लेषण


४. १ विद्यालयमा शिक्षण प्रक्रियाको अवस्था २०

४. १.१ उत्तरदाताहरुको विद्यालयका शैक्षिक सुधारका लागि शिक्षण सिकाई प्रक्रियाको विवरण २०

४. १.२ प्रधानाध्यापक तथा शिक्षकहरुबाट शिक्षण विधिको प्रयोगको अवस्था २१

४. १.३ विद्यालयको शिक्षण सिकाई प्रक्रियामा योजना निर्माण २१

४. २ विद्यालयमा भौतिक अवस्था २२

४. २ .१ विद्यालयको भौतिक सुविधा २३

४. २ .२ विद्यालयमा कक्षा कोठाको अवस्था २३

४. २ .३ विद्यालयको कक्षा कोठाको फर्निचरको अवस्था २४

४.२ .४ विद्यालयमा सम्पूर्ण विद्यार्थी बस्न पुग्ने फर्निचर २५

४. ३ कक्षा कोठाको व्यवस्थापनले कक्षागत उपलब्धीमा पारेको प्रभाव २५

४. ३ .१ कक्षा कोठा फर्निचरको उपलब्धताबाट विद्यार्थीको उपस्थिति २६

४. ३ .२ विद्यालयमा अध्ययन कार्यको सहजता २६

४. ३ .३ विद्यालयमा भएको शैक्षिक नतिजाको विवरण २७

४. ४ कक्षा कोठा व्यवस्थापनमा देखिएका चुनौतीहरुको समाधान २८

४. ४ .१ आर्थिक श्रोत संकलन र परिचालन तथा जनशक्ति व्यवस्थापन अनुगमन २९

४. ४ .२ प्रधानाध्यापक तथा शिक्षकहरुबाट कक्षा कोठा व्यवस्थापन ३०

४. ४ .३ विद्यालयको शैक्षिक सुधारमा विद्यालय व्यवस्थापन समितिको उपस्थिति ३१


## परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझाव


५. १ प्राप्ती ३२

५. २ निष्कर्ष ३३

५. ३ सुझाव ३४

**सन्दर्भग्रन्थ**
**अनुसूचीहरु**

# परिच्छेद एक : परिचय

## १. अध्ययनको पृष्ठभूमि

शिक्षा नै समाज विकासको मूल आधार हो । औपचारिक शिक्षा आर्जन गर्ने थलोको रूपमा विद्यालयलाई मानिन्छ । विद्यालयमा नियमित रूपबाट सङ्गठित र योजनाबद्ध ढङ्गले शिक्षा प्रदान गरिनुको साथै ज्ञान, सीप, धारणा तथा अनुभवरूपी ज्योतीद्वारा  विद्यार्थीलाई आलोकित पार्ने गर्दछ । विद्यालय एउटा ज्ञान आर्जन तथा सीप विकास गर्ने माध्यम हो । यसका अतिरिक्त विद्यालयलाई सामाजिक, संस्कृतिक, मूल्य, मान्यता र आदर्शतालाई नयाँ पुस्तामा हस्तारण गर्ने एक सशक्त माध्यम हुनुका साथै तिनको संरक्षण सम्वर्धन गर्ने एक महत्वपूर्ण निकायका रूपमा लिइन्छ । विद्यालयले बालबालिकाको शैक्षिक, सामाजिक, शारीरिक, मानसिक, आर्थिक तथा संवेगात्मक विकासमा सहयोग पुऱ्याउँछ । बालबालिका एक सामाजिक प्राणी हुन् जसले गर्दा विद्यालयलाई विद्या आर्जन गर्ने समाजको पवित्र विद्यामन्दिर मानिन्छ ।

वि.स. २००७ सालको प्रजातन्त्र प्राप्ती पश्चात नेपालमा वर्षायाममा च्याउ उम्रे झैं विद्यालय जतातातै स्थापना हुन थाले । परिणाम स्वरूप वि.सं. २००९  सालमा शिक्षा बोर्डको स्थापना भयो । यस शिक्षा बोर्डले एउटा शिक्षा योजना आयोग निर्माण गर्न तत्कालिन सरकार समक्ष सिफारिस गऱ्यो यही बोर्डको सिफारिस अनुसार वि.सं. २०१० साल चैत्र ९गते सरदर रूद्रराज पाण्डेको अध्यक्षतामा ४६ सदस्यीय नेपाल राष्ट्रिय शिक्षा योजना आयोग गठन भयो । यस आयोगले वर्तमान शैक्षिक अवस्थाको अध्ययन गरी वि.सं. २०११ सालमा तत्कालिन सरकार समक्ष प्रतिवेदन प्रस्तुत गऱ्यो । वि.सं. २०१७ सालको राजनैतिक परिवर्तन पछि वि.सं. २०१८ सालमा “सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८” गठन भयो । त्यसपछि पनि विभिन्न समयमा विभिन्न समिति तथा परिषदहरू बन्दै रहे । यिनै समिति तथा परिषदहरूका सुझावहरूलाई समेटेर एउटा छुट्टै योजना तर्जुमा गर्ने काम भयो । यस योजनाको नाम “रास्ट्रिय शिक्षा पद्धति योजना २०२८” रह्यो । यसले शिक्षा क्षेत्रमा युगान्तकारी परिवर्तनहरू ल्यायो । यस योजनाले शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरूको निर्धारण पाठ्यक्रम, पाठ्यपुस्तकको निर्माण, शिक्षाको संरचनामा हेरफेर, शिक्षाको प्रशासनिक  सङ्गठन र निरीक्षण प्रणालीमा सुधार, शिक्षक तालिम र सेवा सुरक्षा जस्ता पक्षहरूमा उल्लेखनीय योजनाहरू प्रस्तुत गऱ्यो । वि.सं. २०४६ सालमा प्रजातन्त्र

पुनः स्थापना भए पश्चात वि.स. २०४६ फाल्गुन १४ गते राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यस आयोगलाई तत्कालिन शिक्षा मन्त्रीको अध्यक्षतामा २०४८ साल श्रावण १६ गते पुनर्गठन गरियो । यस पुनर्गठित आयोगका १६ जना सदस्यहरूको अथक प्रयासबाट २०४९ सालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ का नाममा यो प्रतिवेदन जनसमक्ष आयो । यस आयोगले शिक्षा विकासको ऐतिहासिक पृष्ठभूमिको आधारमा वर्तमान अवस्थाको समेत विश्लेषणात्मक अध्ययन प्रस्तुत गरी भविष्यमा लिइनु पर्ने नीति र चालिनुपर्ने पाइलाहरूलाई सुझावको रूपमा प्रस्तुत गऱ्यो। वि.सं २०५५ सालमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन भयो यस आयोगको प्रतिवेदनमा विद्यालय तीन प्रकारमा विभाजन थियो । यस अन्तर्गत सार्वजनिक विद्यालय, निजीविद्यालय र सामुदायिक विद्यालय हुनुपर्ने भनि सुझावको रूपमा प्रस्तुत गऱ्यो । वि.सं. २०५५ सालमा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यस आयोगको प्रतिवेदनमा विद्यालय तीन प्रकारमा विभाजन थियो । यस अन्तर्गत सार्वजनिक विद्यालय, निजीविद्यालय र सामुदायिक विद्यालय हुनुपर्ने भनि सुझाव प्रस्तुत छ । सामुदायिक विद्यालयको परिभाषा उक्त आयोगको प्रतिवेदनमा यसरी दिइएको छ (निरौला, २०६३) । "कुनै सङ्घ संस्था, समुदाय, विद्यालयमा कार्यरत शिक्षकहरू तथा विद्यालय स्थापनाका लागि उत्प्रेरित व्यक्तिहरू आदिको संयुक्त नेतृत्वमा सञ्चालित भएका विद्यालयहरूलाई सामुदायिक विद्यालय मान्नु पर्छ " (निरौला, २०६३) ।

नेपालको विद्यालय शिक्षाको संरचना कक्षा १-८सम्म प्राथमिक शिक्षा, ९-१२ कक्षा सम्म माध्यमिक शिक्षा र त्यसपछि तीन स्नातक तह, २ वर्षे स्नातकोत्तर तह, १ वर्षे एम.फिल. र २ वर्षे विद्यावारिधी रहेको छ (सिंह,२०६६) ।

"माध्यमिक शिक्षा भन्नाले कक्षा १-१२सम्म दिइने शिक्षा सम्झनु पर्छ" (पौडेल,२०६३) ।

विद्यालय व्यवस्थापन समितिको कामहरू मध्ये विद्यालयको भौतिक पक्ष सुधार गर्नु पनि एक हो । एउटा शरीर बन्न विभिन्न तत्वहरूो आवश्यकता पर्दछ । त्यस्तै विद्यालय बन्न पनि विभिन्न पक्षहरूको आवश्यकतापर्दछ । जस्तै आर्थिक पक्ष, भौतिक पक्ष, शैक्षिक पक्ष, व्यवस्थापन पक्ष, यस मध्येको भौतीक पक्षको प्रमुख भूमिका हुन्छ । भौतिक पक्ष भनेको एउटा शरिर ठड्याउन चाहिने तत्वहरूलाई बुझाउछ त्यस्तै एउटा विद्यालय ठड्याउन चाहिने प्रमुख तत्वलाई भौतिक पक्ष भन्ने बुझाउछ । त्यस्ता तत्वहरू जग्गा, भवन, कक्षाकोठा, फर्निचर, घेरावेरा, चर्पी, खेलमेदान इत्यादि । भौतिक पक्षले विद्यालयको

अरूपक्षसँग निकटतम सम्वन्ध राख्दछ । विद्यालयको भौतिक पक्षमा अस्तव्यस्तताको कारण विद्यार्थीहरू विकर्षण हुनुको साथै गुणस्तरीय शिक्षा प्रदान गर्नमा व्यवधान उत्पन्न हुन्छ । अर्को शब्दमा विद्यालयको स्थापना, सञ्चालन गर्न न्यूनतम रूपमा चाहिने आवश्यक तत्वहरू भवन, जग्गा, कक्षाकोठा, फर्निचर, घेरावेरा, चर्पी, खेलमैदान र कार्यालय आदिको समष्टिगत रूप नै भौतिक पक्ष भनिन्छ । शिक्षकले विद्यार्थीहरूलाई उपयुक्त, वैज्ञानिक, व्यवहारिक ज्ञान, सीप र अभिवृत्ति विकास गराउन आवश्यक पर्ने सुविधालाई भौतिक सुविधा भनिन्छ (श्रेष्ठ र बस्नेत, २०६६) ।

सामान्यतया एउटा विद्यालय सञ्चालन, रेखदेख र नियन्त्रण, यसबारेमा चाजोपाँजो मिलाउने, लेखाजोखा गर्ने, प्रारम्भिक निरीक्षण गर्ने र आर्थिक, भौतिक तथा प्रशासनिक पूर्वाधार खडा गराउने कार्यलाई विद्यालय व्यवस्थापन भन्न सकिन्छ । शैक्षिक व्यवस्थापन, प्रशासन भनेको कार्यकर्ताहरूको प्रयासमा सामन्जस्यता स्थापित गर्ने र उपयुक्त सामग्रीहरूलाई मानविय गुणको विकास हुने गरी परिचालन गर्ने प्रक्रिया हो । त्यसले केटाकेटी र युवाहरूको विकासमा मात्र नभै वयस्क र विशेष गरी विद्यालयका कार्यकर्ताहरूको विकासमा चासो राख्दछ । शिक्षा अनुसन्धानको शब्दकोष अनुसार शैक्षिक प्रशासन व्यवस्थापनमा शिक्षण एवम् सिकाइमा आधारित लक्ष्यहरू तथानीतिहरूको विकासमा सहायता  गर्न शिक्षण सिकाइको उपयुक्त कार्यक्रमको विकासमा उत्प्रेरित गर्न र शिक्षण सिकाइ कार्यको सञ्चालन गर्ने कर्मचारी र सामग्रीको व्यवस्था गर्ने कुराहरू समेत समावेस हुन्छन् । क्याम्वेलको अनुसार - विद्यालयको कार्यसञ्चालनमा अरूव्यक्तिहरूको सम्लग्नता गराइ कार्य सम्पन्न गराउनु शैक्षिक व्यवस्थापन हो । विद्यालय व्यवस्थापन सम्वन्धी केहि विद्वानका विचार समेतका आधारमा विद्यालय व्यवस्थापन भन्नाले निश्चित प्रक्रिया, कार्यक्रममूखि पद्धति, मानविय स्रोत, विकास, पेशागत कार्य, व्यवस्थापकिय प्रक्रिया, स्रोतसाधनको उपयोग, सर्वव्यापी प्रक्रिया, काम र व्यक्ति बीच सामञ्जस्यता,समस्या समाधान र उद्देश्य प्राप्त गर्ने सामुहिक कार्य मान्न सकिन्छ । तोकिएको लक्ष्य प्राप्त गराउन एउटा प्राज्ञीक थलोका रूपमा विकास गराउन गरिने सम्पूर्ण प्रयासको समस्टिगत रूप विद्यालय व्यवस्थापन हो । वर्तमान समयमा शैक्षिक व्यवस्थापनमा केन्द्रीय निकायले नीति तथा कार्यक्रमलाई कार्यन्वयनको जिम्मेवारी लिने र विद्यालय तहले वास्तविक रूपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी लिएको जिम्मेवारीको ढाँचा हो । विद्यालय तह नै शैक्षिक

विकासको प्रथम र महत्वपूर्ण निकाय भएको हुँदा विद्यालयको कुशल नेतृत्वको कार्यले सुचारुरूपमा समग्र शैक्षिक व्यवस्थापन क्षेत्रमा प्रभाव पार्ने गर्दछ (सिग्देल, २०६२) ।

शिक्षा ऐन २०१८कोदफा ४ मा नेपाल सरकारले प्राथमिक तथा माध्यमिक शिक्षालाई व्यवहारिक बनाएको थियो । जसमा “सञ्चालक समिति भन्नाले कुनै शिक्षण सस्थाको सञ्चालन र सो प्रवन्धका लागि गठन गरिएको समिति सम्झनु पर्दछ” (शर्मा २०६६मा उद्धृत ) ।

“विद्यालय सञ्चालक समिति भन्नाले नेपाल सरकारले विद्यालय निरिक्षणका लागि समुदायद्वारा गठन गरिएको समिति हो ” (पौडेल, २०६३) ।

यस सन्दर्भमा हालका दिनहरूमा नेपाल सरकारले अङ्गिकार गरेको विकेन्द्रीकरणको अवधारणा बमोजिम शिक्षा ऐन २०२८ (सातौ संसोधन २०५८ समेत) मार्फत सामुदायीक विद्यालय व्यवस्थापन समितिमा अभिभावकहरूबाट छानिएका प्रतिनिधीहरू रहने प्रावधान राखी समुदायलाईअधिकार सम्पन्न बनाउने व्यवस्था भएको छ (समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन, कार्य प्रणाली निर्देशिका २०६०) । विद्यमान कार्य कर्तव्य र अधिकारलाई कायम गरी विद्यालय सञ्चालक समितिको सट्टामा विद्यालय व्यवस्थापन समिति नाम परिवर्तन गरियो (पौडेल, २०६३) ।

उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ अनुसार विद्यालय व्यवस्थपन समिति गठनको वर्तमान प्रक्रियामा सुधार गरि पठन पाठन सँग प्रत्यक्ष सरोकार राख्ने अभिभावक, विद्यालयको स्थापना र विकासमा टेवा पुऱ्याउने स्थानिय व्यक्तिहरू समेत समावेश हुने गरी प्रजातान्त्रिक प्रक्रियाबाट व्यवस्थापन समितिको गठन गरी त्यसलाई अधिकार सम्पन्न गराइयो (शर्मा, २०६६ मा उद्धृत ) ।

नेपालको शिक्षा क्षेत्रमा प्रवन्धकीय संगठन अर्थात विद्यालय शिक्षा जनसहयोगबाट नै चलेको छ । विद्यालय व्यवस्थापन पक्षको इतिहास ज्यादै पुरानो नभएता पनि वि.सं. २००७ सालमा प्राप्त प्रजातन्त्र पश्चात औपचारिक रूपमा विद्यामान विद्यालयहरूलाई व्यवस्थित वा संगठित तवरले संञ्चालन गर्न प्रवन्धकीय संगठनको व्यवस्थापन गरेको पाइन्छ । त्यसताका नेपालमा शिक्षा केन्द्रीय सरकार र केहि हद सम्म उत्तर भारतमा मान्यता दिने पटना विश्वविद्यालयको मातहतमा स्वतन्त्ररूपले संगठित थियो । केन्द्रीय मन्त्रालयको नियन्त्रणको

हक विद्यालयहरूलाई दिइएको आर्थिक सहायताको रकमबाट निश्चित गरिएको थियो । यस कुराको निश्चय गर्न विद्यालयहरूलाई तीन वर्गमा बाँड्न सकिन्छ । सरकारी विद्यालय अर्थात सम्पूर्ण केन्द्रीय सरकारबाट प्रवन्ध र सहायता गरिएको विद्यालय पाठशालाहरू, पहिले स्वतन्त्र खुलेको तर अहिले कुनै प्रभावमा पुगेका र केन्द्रीय सरकारबाट भित्र भित्र केही आर्थिक सहायता पाईएको, सरकारी सहायता प्राप्त विद्यालय र पाठशालाहरू तथा प्रवन्ध र अर्थ दुवैमा स्वतन्त्र चलिरहेको स्वतन्त्र विद्यालयहरू प्रजातान्त्रिक रीतिबाट रोजिएको शिक्षा समिति वा प्रवन्ध समिति मार्फत केन्द्रीय सरकार र ग्राम सरकारी अधिकारीहरूको संयुक्त प्रवन्ध र अर्थबाट चल्ने राष्ट्रिय नाम दिइएका विद्यालय पाठशालाहरू । वर्तमान समयमा सरकारी विद्यालय पाठशालाहरू बाहेक अरू सारा शिक्षालयहरू पढाइ शुल्क सङ्ग्रहबाट पनि केही मद्दत पाउदै थियो । शिक्षा मन्त्रीको मातहतमा शिक्षालाई हेर्ने एक शिक्षा सचिव, दुई उपसचिव, तीन सहायक सचिव आदिको एक समिति मन्त्रीय तहमा हुन्थ्यो । यिनका अतिरिक्त मुख्य सञ्चालक र दुई अरू सञ्चालक विद्यालय निरीक्षक तथा अन्य पदाधिकारीहरू थिए । सरकारको शैक्षणिक नीति र कार्यक्रम यो मन्त्रालयबाट निर्धारण र कार्यान्वयन गरिन्थ्यो । यसकार्यमा सहायता गर्न २० सदस्यहरूको एक राष्ट्रिय शिक्षा समितिको व्यवस्था गरिएको थियो । वि.स. २००९ मा एक निरीक्षक, तीन उपनिरीक्षक र आवश्यक सहायक निरीक्षकहरू सहित सात प्रादेशिक विभाग यी विद्यालय पाठशालाहरूको निरीक्षण र प्रवन्धको व्याख्या गरिएको थियो । यी प्रादेशिक निरीक्षक र उनका उपनिरीक्षकहरू सहायक जनशिक्षा सञ्चालकप्रति उत्तरदायित्व थियो । प्रत्येक सरकारी पाठशालाका प्रधानाध्यापक, निरीक्षण अड्डा र प्राय सल्लाहकार समिति भएको एक प्रवन्ध समिति प्रति जवाफदेही थियो । प्रत्येक सरकारी रकमको हिसावका निम्ति जवाफदेही थिए । सरकारी सहायता प्राप्त गर्न विद्यालयहरूलाई आवश्यक निरीक्षण गर्नु पर्दथ्यो र आवश्यक निरीक्षणका लागि स्वतन्त्र विद्यालयहरू पनि निवेदन गर्ने व्यवस्था थियो । यी स्वतन्त्र विद्यालयहरूमा प्रवन्ध समितिले धेरै मात्रामा प्रबन्धकीय नियन्त्रण राख्दथियो । प्रवन्ध समिति प्राय जसो ७ देखी १५ जना सम्म सदस्यहरूको समिति हुन्थ्यो । यसमा शिक्षक, आमावावु, प्रधानाध्यापक र स्वतन्त्र गृहस्थी जस्ता मानिसहरू प्रतिनिधित्व गर्दथे (श्रेष्ठ, २०६६) ।

नेपालमा राजनैतिक परिवर्तनका साथ साथै जनतामा चेतनाअभिवृद्धि भएकोले विद्यालयको आवश्यकता पनि बढ्न थाल्यो । फलस्वरूप विद्यालय शिक्षालाई सङ्गठित तथा विकासका लागि शिक्षा ऐन २०२८ अनुसार विद्यालयको शैक्षिक भौतिक तथा आर्थिक

तथ्याङ् र विवरण अध्यावधिक गराई राख्नेभनि अधिकार प्रदान गरी १० जना सदस्य रहने विद्यालय सञ्चालक समितिको गठन गर्ने व्यवस्था गरियो। यसको पदावधि ३ वर्ष कायम गरियो । वि.सं. २०३६ सालमा माध्यमिक विद्यालयको हकमा ९ देखि १० जना सम्म समितिको व्यवस्था गरिएको थियो । यस समितिमा विद्यालय संस्थापक, अभिभावक शिक्षा तथा समाजसेवी, चन्दादाता तथा जि.शि.अ.का प्रतिनिधिहरू रहने व्यवस्था गरिएको थियो । विद्यालय सञ्चालक समितिको पदावधि चार वर्ष रहेको थियो ।

अध्यक्ष तथा सदस्य सचिव जिल्ला शिक्षा समितिले मनोनित गरेको र सम्बन्धित विद्यालयको प्रधानाध्यापक पदेन सदस्यसचिव रहने व्यवस्था थियो ।भौतिक सुविधा जुटाउने, विद्यालय सम्पतिको संरक्षण र सम्वर्धन गर्ने कार्यका साथै सञ्चालक समितिले शिक्षकको नियूक्ति, सरूवा, बढुवाको सिफारिस गर्ने तथा शिक्षकहरूलाई पुरस्कार र दण्ड दिने अधिकार पनि थियो (शर्मा, २०६६) ।

शिक्षा ऐन २०२८ को सातौ संशोधन २०५८ मा व्यवस्थागरी सरकारी विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीति सरकारले अगाडि सारेको छ । शिक्षा ऐन २०२८ को आठौ संसोधनमा शिक्षा अध्यादेशको दफा ११ (थ) मा भनिएको छ । कुनै सामुदायिक विद्यालयको व्यवस्थापन तोकिएको आधारमा स्थानिय निकाय व्यवस्थापन समिति वा संस्थालाई जिम्मा दिन सक्नेछ । यसरी व्यवस्थापन जिम्मा दिईएका विद्यालयलाई यस ऐनको अधिनमा रही एक मुष्ठ अनुदान रकम दिइने छ । २०६३ को संशोधन अनुसार स्थानिय निकाय वा व्यवस्थापन समितिले कुनै सामुदायिक विद्यालयको व्यवस्थापनको जिम्मा लिन चाहेमा आवश्यक कानुनी प्रकृयाहरू पूरा गरी जिम्मा दिन सकिने व्यवस्था गरिएको छ । यस समितिले शिक्षक नियुक्ति तथा त्यसरी नियुक्ति गरिएको शिक्षकको बढुवा तोकिए बमोजिम हुने गरी व्यवस्था गरिएको छ (सिप्रेककेन्द्र, २०६४) ।

विद्यालय व्यवस्थापन समिति विद्यालयको निरीक्षण कार्यमा सघाउ पुऱ्याउने हिसावले गठन भएतापनि व्यवहारिक रूपमा विद्यालयको भौतिक पक्षले महत्वपूर्ण भूमिका खेल्दछ । विद्यालयको भौतिक पक्ष अस्तव्यस्त  भएमा विद्यार्थीहरू विद्यालय प्रति विकर्षण हुन्छ साथै गुणस्तरीय शिक्षामा अवरोध हुने गर्दछ । भुपरिवेष्टित राष्ट्र नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने खोटाङ, सिराहा र सप्तरी को बीच रहेको उदयपुर जिल्लाका जम्मा ९ वटा स्रोत केन्द्रहरू मध्ये इनामे स्रोत केन्द्र पनि यस विद्यालयको भौतिक

समस्याबाट अलग रहन सकेन । यसरी शिक्षा क्षेत्रमा ठूलो समस्याको रूपमा रहेको भौतिक अस्तव्यस्ततालाई शिक्षण सिकाईका लागि कक्षा कोठा व्यवस्थापनलाई विशेष प्राथमिकता दिई यो सोधपत्र तयार पारिएको छ । अतः यस इनामे स्रोत केन्दका मा.वि., नि.मा.वि. र प्रा.वि. लगायत २६ वटा विद्यालय मध्ये ७ वटा विद्यालयलाई अनुसन्धान गरिएको छ । यस केन्द्र अन्तर्गत ५ गा.वि.स.पर्दछन् । गा.वि.स.का सामुदायिक विद्यालय समेटिने गरी ७ वटा विद्यालयलाई अध्ययनको क्षेत्र कायम गरिएको छ । यस अध्ययनअनुसन्धानमा विद्यालयको न्यूनतम भौतिक सुधार जस्तै : भवन, कक्षा कोठा फर्निचर, घेराबेरा, चर्पी, पुस्तकालय, खेलमैदान आदि भौतिक पक्षको विश्लेषण र प्रस्तुत गरिएको छ ।

### १.१ समस्याको कथन

विद्यालय सामाजिक संस्था हो । त्यसैले विद्यालयले समुदायको रुचि, इच्छा र आवश्यकतालाई सम्बोधन गर्न सक्नुपर्छ । समुदायको  आवश्यकतालाई पहिचान गरी सोही बमोजिमको दक्ष जनशक्ति उत्पादन गर्न त्यही समुदायको एक व्यवस्थापन पक्षको आवश्यकता पर्दछ ताकि उसले त्यस समुदायको हरेक क्षेत्रको पक्षको आवश्यकतालाई सम्वोधन गरी विद्यालय संचालनका लागि  आवश्यक शैक्षिक, आर्थिक स्रोत जुटाइ त्यसको प्रभावकारी ढंगले संचालन गर्ने, शिक्षण वातावरण कस्तो बनाउने आवश्यक स्रोत साधन कसरी जुटाउने सबै जिम्मेवार भनेको समुदायको नै रहने अनि  त्यसको प्रत्यक्ष फाइदा समेत समुदायलाई पुग्ने भएकोले प्रत्येक समुदायका सदस्यको विद्यालय संचालनमा प्रमुख भूमिका  रहेको देखिन्छ । तर यति हुदाहुदै पनि नेपालमा विद्यालय व्यवस्थापन समितिको भूमिका  प्रभावकारी रुपमा देखा पर्न नसक्नु र गुणस्तरीय शिक्षा प्रधान गर्न शिक्षण सिकाईका लागि राम्रो कक्षाकोठाको व्यवस्थापन अनिवार्य देखिएको छ ।

सामुदायिक आधारभुत तहका विद्यालयमा सम्पूर्ण खर्च सरकारले व्यहोर्ने  तथा त्यसको संरक्षण, रेखदेख र संचालन वि.व्य.स. लाई दिइएपनि नियन्त्रण, अनुगमन र निर्णय भने माथिल्लो निकायले गर्ने गरेकोले वि.व्य. स. को स्पष्ट भूमिका निर्वाह हुन सकेको छैन यसर्थ विद्यालयको सुधार तथा प्रभावकारी शिक्षण सिकाईका लागि कक्षाकोठाको व्यवस्थापन अपरिहार्य भएकाल त्यसलाई प्रष्ट पार्न यस अनुसन्धानले सहयोग पुऱ्याउने अपेक्षाले यो विषय छनौट गरिएको हो ।

## १.२ अध्ययनको औचित्य

कुनै पनि संगठनको उद्देश्य प्राप्तिकालागि त्यस संगठनको व्यवस्थापकीय पक्षको लेखाजोखा गर्नु आवश्यक पर्दछ । प्रभावकारी व्यवस्थापनको माध्यमबाट नै उच्चतम लक्ष्य हासिल हुन सक्ने कुरा विभिन्न अध्ययन अनुसन्धानले पुष्टि गरिसकेका छन् । शिक्षामा हरेक बर्ष राष्ट्रको कूल बजेटको करीब १७ % लगानि गरिएतापनि लगानी अनुसारको उत्पादन हुन नसकेको जन गुनासो रहेकोले त्यस समस्याको समाधानका निम्ति के कस्तो उपाय अपनाउनु पर्छ भनि यसलाई अनुसन्धानको विषय वनाईएको छ । यी प्रश्नका अतिरिक्त निम्न कारणहरूले  गर्दा शोधपत्र तयार गर्न यस विषयलाई अगाडि सारिएको हो ।

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी तुल्याउन कक्षाकोठा व्यवस्थापन बारेमा हालसम्म कुनै अध्ययन अनुसन्धान भएको नपाइएकोले यस सम्वन्धि यो पहिलो अध्ययन हुने हुँदा यसको महत्व र औचित्य सान्दर्भिक ठानेको छु । शिक्षण सिकाइलाई प्रभावकारी तुल्याइ गुणस्तरीय र प्रभावकारी शिक्षा प्रदानगर्न शैक्षिक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिका को यथार्थ पहिचान, शैक्षिक योजनाकार, शिक्षाविद्व लगायत शैक्षिक सरोकारवालाहरू समक्ष प्रस्तुत गरी शैक्षिक व्यवस्थापनलाई प्रभावकारी तुल्याउन सम्बन्धित सवैलाई सचेत तुल्याउनु यस विषयको अध्ययनले भूमिका  निर्वाह गर्ने छ ।

## १.३ अध्ययनको उद्देश्य

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी तुल्याइ सरोकारवालाहरूको चाहाना, इच्छा अनुसार गुणस्तरयुक्त शिक्षा प्रदान गर्ने कार्यमा टेवा पुर्‍याउने यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ, यसका अतिरिक्त यस अध्ययनको उद्देश्यहरू देहाय वमोजिम हुनेछन् ।

१. विद्यालयको शिक्षण सिकाई प्रक्रिया पत्ता लगाउनु ।

२. शिक्षण सिकाईमा कक्षाकोठा व्यवस्थापनको अवस्था खोज्नु ।

३. कक्षाकोठा व्यवस्थापनले शिक्षण सिकाइमा पारेको प्रभावको खोजी गर्नु ।

४. कक्षाकोठा व्यवस्थापनमा देखिएका चुनौतीहरुको उपायहरु पत्ता लगाउनु ।

## १.४ अनुसन्धानात्मक प्रश्नावलीहरू

शोधकार्य स्वभाविकरूपले अनुसन्धानमूलक हुने भएको र त्यस्ता अनुसन्धानबाट सम्वन्धित समस्याको समाधान गर्न उपयुक्त उपाय निकाल्न सकिने हुँदा यस्ता समस्याहरू समाधान गर्न सहज होस् भन्ने उद्देश्यले केही अनुसन्धानका प्रश्नहरू तल प्रस्तुत गरिएको छ ।

क) विद्यालयमा शिक्षण सिकाई प्रक्रिया कसरी भई रहेको छ ?

ख) विद्यालयको भौतिक पूर्वाधारको अवस्था कस्तो छ ?

ग) विद्यालयको कक्षा कोठा व्यवस्थापनले शिक्षणमा कस्तो प्रभाव पार्छ ?

घ) कक्षा कोठा व्यवस्थापनमा देखिएका चुनैंती के के होलान र समाधान कसरी हुन्छ ?

ङ) शैक्षिक सुधारमा जनशक्ति व्यवस्थापनको के कस्तो भूमिका रहन्छ ।

## १.५ अध्ययनको परिसीमा

यो अध्ययन अनुसन्धान उदयपुर जिल्लाको इनामे स्रोतकेन्द्रका विद्यालयहरू मध्ये ७ समुदायिक विद्यालयहरुमा मात्र आधारित छ । यी विद्यालयहरु श्री महेन्द्र रत्न उच्च माध्यमिक विद्यालय रुपाटार, श्री उच्च माध्यमिक विद्यालय ठानागाँउ, श्री माध्यमिक विद्यालय कटहरे, रुपाटार, श्री निम्न माध्यमिक विद्यालय रामपुर, रुपाटार, श्री निम्न माध्यमिक विद्यालय जतनपुर, ठानागाउँ र श्री प्राथमिक विद्यालय थुम्की, ठानागाउँ रहेका छन । अध्ययनका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ. तथा शिक्षक, विद्यार्थी र स्रोतव्यक्तिलाई मात्र अध्ययनको क्षेत्र कायम गरिएको छ । विद्यालयको शैक्षिक पक्ष अन्तर्गत भवन, कक्षाकोठा, कार्यालय, शौचालय, पुस्तकालय, खेलमैदान, घेरावारा र खानेपानीलाई अध्ययनको लागि लिइएको छ । यो अध्ययन नमुना छनोटमा परेका उत्तरदाताहरूको सूचनाको आधारमा पूर्ण रूपमा तयार पारिएको छ । यो अध्ययन नमूना छनोटमा परेको उत्तरदाताहरुको सूचनाको आधारमा पूर्ण रुपमा तयार पारिएकोले उत्तरदाता फरक परेमा मेल नखान सक्छ । यो अनुसन्धानमा शिक्षण सिकाईका लागि कक्षा कोठाको व्यवस्थापनमा मात्र केन्द्रित रहेको छ ।

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कुनै पनि वैज्ञानिक अध्ययन अनुसन्धान कार्यमा पूर्व साहित्य अध्ययन महत्वपूर्ण हुन्छ । अगाडि नै अध्ययन अनुसन्धान गरी तयार पारिएको पुस्तक लेख रचना समिक्षा आदिलाई हाल अध्ययन गर्नका लागि तयारी अवस्थाको द्धितीय तथ्यांकको अध्ययनलाई सन्दर्भ सामग्रीको अध्ययन भनिन्छ । यस्ता पूर्व साहित्यहरुको अध्ययनले विभिन्न किसिमका महत्वपूर्ण कुराहरु पत्ता लगाउन सकिन्छ । यस श्रोत पत्रमा पूर्व साहित्यको समिक्षा गर्ने क्रममा यसलाई दुई खण्डमा विभाजन गरी समिक्षा गरिएको छ । पहिलो खण्डमा विद्यालयमा शिक्षण सिकाईको अवस्था बारे र दोश्रो खण्डमा भौतिक सुधारमा कक्षा कोठाको व्यवस्थापन निर्माण कार्य बारे समिक्षा गरिएको छ ।

## २. सम्वन्धित साहित्यको पुनरावलोकन

समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण कार्य शैक्षिक विकेन्द्रीकरणको उत्तम अभ्यास हो । समुदायमा विद्यालय हस्तान्तरण कार्यक्रम प्रजातन्त्रको अभ्यास हो । शैक्षिक प्रजातान्त्रिकरण र शैक्षिक विकेन्द्रीकरण एकै सिक्काका दुईपाटा हुन् । विकेन्द्रीकरण भनेको अधिकारको निक्षेपण र अधिकार प्रत्यायोजन गरी शिक्षामा सरोकारवालाहरूलाई जवाफदेही र उत्तरदायी बनाउने कार्य हो । शिक्षकहरू असहमती देखिने २ वटा वुँदा छन् । १) शिक्षा राज्यको दायित्व हो । राज्य शिक्षाको दायित्वबाट आफू अलग हुनखोजिरहेको छ । २) शिक्षामा राजनितीकरण भई शिक्षकलाई दुःख दिने र पठनपाठनमा वाधा पऱ्याई शैक्षिक गुणस्तरमा कमी ल्याउने वातावरण सृजना गरिएको छ । शिक्षकलाई इङिगत गर्दै लेखिएको छ कि यदि समुदायमा विद्यालय हस्तान्तरण कार्य विकेन्द्रीकरणको विरूद्धमा र प्रजातन्त्रको विरूद्धमा छ भर्ने शिक्षक मित्रहरूले सम्वन्धित पक्षलाई प्रष्ट्याउनु पर्‍यो। यदि प्रजान्त्र र विकेन्द्रीकरणको पक्षमा छ भने कार्यक्रमलाई सहयोग गर्नुपऱ्यो भनि लेखिएको छ (दाहाल, २०६१) ।

मानवअधिकार, बालअधिकार, महिलाअधिकार वा शैक्षिक अधिकार तथा सवैका लागि शिक्षा जस्ता अन्तर्राष्ट्रिय घोषणा र प्रतिवद्धताहरूले गर्दा शिक्षा प्रति बढ्दो जनआकांक्षा तथा जनचाहना परिपूर्ति गर्ने राज्य स्तरबाट मात्र सम्भव नहुने हुँदा शिक्षालाई गाउँ नगरसम्म पुऱ्याउनु विकेन्द्रीत शैक्षिक योजनार व्यवस्थापनको टड्कारो आवश्यकता आज विश्वभरि नै देखिएको छ । विकेन्द्रकरणको औचित्य संस्थागत सुधार, विद्यालयलाई जनताको

नजिक ल्याउने, अपेक्षित उद्देश्यहरूलाई सुनिश्चित गर्नु हो । यसको लागि तल्लो निकायको स्वरुप निर्धारण विधि, क्षेत्रमा आधारित व्यवस्थापन, पाठ्यक्रम सुधार विधि र दुई ध्रुवीय विधिबाट शासन गर्नुपर्ने भनि शैक्षिक उन्नयन २०६२ वैशाख अंक १ मा लेखकले औल्याएका छन् । केन्द्रीय स्तरको निर्णयले स्थानीय आवश्यकता र चाहनालाई समेट्न सक्दैनन् । प्रत्येक समुदायको आफ्नै भौगोलिक किसिमको अवस्थिती, सामाजिक संरचना, आर्थिक बनौट, शैक्षिक स्थिति र विशेषता हुन्छन् । सोही विशेषता अनुरूप नै शैक्षिक आवश्यकता र कार्यक्रममा विविधता ल्याइ शासन गर्नु पर्दछ । शैक्षिक कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी यावत प्रकृयामा सरोकारवालाहरूको पूर्ण सहभागिता र जवाफदेहिताको प्रारूप राज्यले सुनिश्चित गरिदिनु पर्छ भन्ने लेखकको ठहर छ ( सिन्हा,२०६२ ) ।

सामुदायिक विद्यालय व्यवस्थापन हस्तान्तरणको पृष्ठभूमि, हालको प्रकृया, समस्याहरू, समाधानका उपायहरूको बारेमा चर्चा गरिएको छ । २०६० साल पौष १८ गते सम्म नेपाल अधिराज्यमा ३६ जिल्लामा १५० वटा विद्यालयका माध्यमिक तह समुदायमा हस्तान्तरण भइसकेको जनाइएको छ । सो लेखमा विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा स्थानीय वातावरण, आवश्यकता र समस्यानुसार कस्तो ज्ञान, सीप, बालवालिकालाई दिने भन्ने निर्णय समेत गर्न समुदायलाई जिम्मेवारी दिनुपर्ने निष्कर्ष दिइएको छ । यसबाट स्वस्थ्य प्रतिस्पर्धा हुन गई गुणस्तरीय शिक्षाको पहुँच हुनेछ । जसमार्फत शैक्षिक क्षति कम हुनगई सामुदायिक विद्यालय प्रति अपनत्व बढ्ने एवम् सञ्चालनमा सहजता आउने कुरा लेखिएको छ ( सुवेदी, २०६०) ।

विकासका आयाम फरक प्रकारका छन् । सुधार भनेको अग्रगमन हो । परिवर्तित समाजलाई अग्रगमनमा लैजाने माध्यम नै शिक्षा हो । नेपालले सहस्राब्दी विकासको लक्ष्य के बनाउने ? र यसमा कसरी पुग्ने ? भन्नेमा लेख केन्द्रित छ । शिक्षाको विकासको प्रयासलाई केलाउँदा प्राथमिक तहमा खुद भर्नादर ८२.४ प्रतिशत पुगेको, जसमा ३५/४० % मात्र माध्यमिक तह पुग्ने, बालबालिकालाई एक घण्टा भन्दावढी हिड्नु नपर्ने, महिला शिक्षा संख्या २६ प्रतिशत पुगेको, स्रोत कार्यान्वयन गर्ने ईकाइसँग सोझै आवद्ध गरिएको वर्तमान अवस्था छ । सन् २०१५ सम्म खुद भर्नादर ९० प्रतिशत पुग्न गाह्रो हुने, अझै ४६.३ प्रतिशत जनसङ्ख्या निरक्षर छन् विद्यालय छाड्ने दर उच्च छ । साक्षरता सम्वन्धी सवै कार्यक्रम

गा.वि.स./न.पा.लाई जिम्मा दिने भनिए पनि लिनदिन हिच्किचाई रहेका छन् । हरेक स्थानीय निकायमा साक्षरताको आधार विन्दु मानेर वार्षिक लक्ष्य निर्धारण गर्न नसकिरहेको हुँदा सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने प्राथमिक तहदेखि नै निकै कसरत गर्नुपर्ने भनी लेखकले सहस्राब्दी विकास लक्ष्य र वर्तमान नेपालको शैक्षिक विवेचना महिला शिक्षा वर्ष ५, अंक ५, २०६१ मा गरिएको छ । लेखकले सहस्राब्दी विकास लक्ष्यको गन्तब्यमा पुग्न नेपालले निश्चयनै कठोर परिश्रम एवम् सरकार सहजकर्ता मात्रै नभई जोखिम उठाउने यन्त्रको रूपमा समुदायलाई शिक्षित बनाउनु कार्यक्रमहरू लिएर गाउँ गाउँमा जानुपर्ने लेखेका हुन । श्रोतको निरन्तरता, सरकारी एवम् राजनैतिक दलको प्रतिवद्धता, गैरसरकारी संस्थाको संलग्नता र समुदाय सशक्तिकरणको माध्यमबाट अगाडि बढेमा लक्ष्य हासिल हुने उल्लेख छ (खनाल, २०६१) ।

काठमाण्डौ जिल्लाका ३४२ वटा माध्यमिक विद्यालयहरू मध्ये गोलाप्रथावाट तानेर आएका ६ वटा निजी तथा आवासीय विद्यालय र ६ वटा सार्वजनिक विद्यालयहरूलाई अध्ययनको नमुनाको रूपमा लिइएको छ। तथ्याङ्क सङ्कलनका लागि अवलोकन फाराम र प्रश्नावलीलाई माध्यम बनाइएको छ । उपरोक्त शोधपत्रमा प्रधानाध्यापकहरूले विद्यालयको शिक्षण सिकाइमा निर्वाह गरेको भूमिका सन्तोषजनक पाइयो । शिक्षा नियमावलीमा उल्लेख गरिएको प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार तथा विद्यालयमा कार्यान्वयनको अवस्थामा फरक पाइयो, त्यसै गरी शैक्षिक योजना तथा व्यवस्थापनको पक्षमा सरकारी विद्यालय भन्दा निजी विद्यालयहरू अगाडि रहेको पाइयो । यसको अर्थ प्र.अ.को भूमिका प्रभावकारी नभएकोले विद्यालय शिक्षाको गुणस्तर कमी आएको निष्कर्ष निकाल्न सकिन्छ । विद्यालयको शिक्षाको गुणस्तर वृद्धिका लागि प्र.अ.को भूमिका महत्वपूर्ण हुने भएको हुँदा उक्त पदको जिम्मेवारी दिदाँ उचित सोचविचार पुऱ्याउनु पर्ने । प्रधानाध्यापकहरूको क्षमता विकासका लागि छोटो र लामो अवधिका लागि कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने । प्रधानाध्यापकहरूले शिक्षा ऐन निमावली तथा नीति निर्देशनहरूलाई आत्मसात गरी कार्य गर्नु पर्ने । तालिमको प्रभावकारी कार्यान्वनका वारेमा निरन्तर अनुगमन र मूल्याङ्कन गर्नु गराउनु पर्ने । उचित र प्रभावकारी विद्यालय प्रशासन विकासका लागि प्रोत्साहन र दण्डको समेत व्यवस्था आवश्यक मात्रामा गरे उचित हुने । सम्वद्ध सरकारी निकायले शिक्षासँग सम्वद्ध ऐन नियमावली तथा नीति निर्देशनहरूमा समयानुकूल परिमार्जन गर्दै लैजानु पर्ने ।

प्रधानाध्यापकहरूलाई विद्यालयको व्यवस्थापनका लागि वढी जिम्मेवार र उत्तरदायी बनाउन उनीहरूलाई वढी स्वायत्तता दिइनु पर्ने आदि (बरूवाल,२०५६) ।

उच्च स्तरीय शिक्षा आयोग २०५५ले सरकारी विद्यालयलाई समुदायद्वारा व्यवस्थापन गर्न सिफारिस गरे अनुरूप शिक्षा ऐन तथा नियम व्यवस्था गरी सरकारी विद्यालयलाई समुदायद्वारा व्यवस्थापन गरेको पाइन्छ । यसै प्रसङ्गमा तेह्रथुम जिल्लामा पनि आ.व. २०६०/०६१ देखि सरकारी विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिएको पाइन्छ । यस शोधपत्रमा उल्लेखित विषयको अध्ययनबाट सरकारी विद्यालयको व्यवस्थपन समुदायद्वारा हुँदा शैक्षिक विकास एवम् गुणस्तरमा आउने सुधार अध्ययन गर्ने, विद्यालय समुदाय बीचको सम्वन्धमा अध्ययन, विद्यालयको शैक्षिक सुधारको जाँच गर्ने, समुदायले आफ्नो दायित्व तथा जिम्मेवारीलाई बहन गर्नसक्ने नसक्ने कुराको जाँच गर्ने साथै कमी कमजोरीहरूको सुधार गर्न सुझावहरू प्रस्तुत गर्ने उद्देश्यहरू निहित छन् । तथ्याङ्क सङ्कलन भएको छ भने गुणात्मक तथ्याङ्कका लागि प्रश्नावलीको उपयोग गरिएको छ । अध्ययनको क्रममा सङ्कलित तथ्याङ्क र तिनको विश्लेषणबाट समुदायद्वारा विद्यालयको व्यवस्थापन हुँदा राम्रा र नराम्रा प्रभावहरू देखिएका छन् । समुदायद्वारा विद्यालयको व्यवस्थापन भएपछि विद्यालयका शैक्षिक प्रगतिका सूचाङ्कहरूमा उच्च प्रगति दर कायम भएको देखिन्छ । यसका साथै विद्यालयका समुदायको सम्वन्ध वलियो भएको, विद्यालयप्रति समुदायको अपनत्वको भावना वढेको विद्यालयको शैक्षिक अवस्थामा सुधार हुन सकेको, पिछडिएको जाति, जनजाति, दलित, उत्पीडित वर्गका छात्र छात्राहरू लाभन्वित हुनसकेको जस्ता राम्रा प्रभावहरू देखिएका छन् । त्यसैगरी नराम्रा प्रभावहरू अन्तर्गत समुदायको पूर्ण व्यवस्थापकीय कार्यकुशलता नभएको, विद्यालय व्यवस्थापन समिति सर्वे सर्वा हुन खोजेको, विद्यालयमा राजनैतिक चलखेल बढेको,  शिक्षकमा पेशागत सुरक्षाप्रति शङ्का उत्पन्न भएको, सरकार आफ्नो दायित्वबाट पन्छिन खोजको महशुस सम्वन्धित पक्षले गरेको जस्ता प्रभावहरू देखिएका छन् (निरौला, २०६२) ।

## २.१ अध्ययनको सैद्धान्तिक खाँका

यो समस्या वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानव सम्वन्ध सिद्धान्तमा आधारित छ । वैज्ञानिक व्यवस्थापन टेलर द्वारा प्रतिपादित सिद्धान्त हो । टेलरले 'वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरूले

राम्रो र किफायती ढंगले सम्पन्न गर्न सक्दछन् भन्ने कुराको सही ढंगले जान्ने कला हो' भनेका छन् । उनको सिद्धान्तमा व्यवस्थापकले आफ्नो स्थिति, कार्य विश्लेषण, कार्य तथा कामदार उपयुक्त हुनुपर्ने व्यवस्थापकले कार्यको जिम्मेवारी लिनुपर्ने जस्ता कुरामा जोड दिएको छ । यस विधिले कार्य तथा सम्पादनमा द्रुतता बढाउने दक्षता बढाउने सहयोग र उत्प्रेरणा प्रदान गर्दछ । त्यसैगरी मानव सम्वन्धको सिद्धान्त मायो द्वारा प्रतिपादित सिद्धान्त हो । कुनै पनि संगठनमा कार्य गर्नेहरूका बीच राम्रो मानव सम्वन्ध भएमा काम सम्पादन राम्रो चाँडो र स्तरीय हुने र यसको विपरीत मानव सम्बन्ध भएमा कार्य सम्पादन ढिलो नराम्रो र कम गुणस्तरीय हुने भन्ने कुराको राम्रो व्याख्या गरिएको थियो । त्यसैगरी फोलेटले उत्पादन बढाउन व्याक्तिहरूमा भावना र चाहाना बुझेर कामदार र प्रशासक बीचको मानवीय विकास गर्नुपर्छ । मानवीय नाताको स्थापना गरी मनोवैज्ञानिक ढाँचाबाट विभिन्न मनमुटाव झगडा, कुभावना आदिको समाप्ती गर्नुपर्छ भनेर भनेकी छिन् । आफ्नो पुस्तकमा मानवीय सम्बन्धका विविध पक्षलाई सरलतापूर्वक उल्लेख गरेकी छिन् । जति धेरै राम्रोसँग समन्वय सम्वन्ध स्थापना गर्न सक्यो नै राम्रो सम्वन्ध कायम भइ काममा स्तरीयता प्रभावकारीता हासिल हुन्छ । उनले प्रजातान्त्रिक र सहभागितामूलक सिद्धान्तलाई जोड दिइन् । यी माथिका अध्ययन अनुसन्धानलाई हेर्ने हो भने विद्यालय व्यवस्थापन पनि यिनै सिद्धान्तमा आधारित छ । विद्यालयको व्यवस्थापन तथा विद्यालयमा कार्यरत शिक्षक कर्मचारीलाई वैज्ञानिक र मानव सम्वन्धको स्थापना गरी कार्य बाँडफाँड गर्न सकिएमा विद्यालयको प्रगति उन्नति द्रुततर गतिमा  बढ्नेमा कुनै दुईमत छैन् । किनकि विद्यालयको सुधार गराउने पक्ष भनेको विद्यालय व्यवस्थापन समिति हो भने सुधार कार्यमा खट्ने पक्ष भनेको प्रधानाध्यापक, शिक्षक र कर्मचारी हुन् । त्यसैले शैक्षिक व्यवस्थापनमा व्यवस्थापक र माताहातका शिक्षक, कर्मचारी प्रशासक बीचको घनिष्ट सम्वन्ध स्थापना गर्न सक्नु पर्दछ जुन अधिकार र दायित्व विद्यालय व्यवस्थापन समितिल हो । यही कुरालाई मनन् गरी व्यवस्थापकले माताहातका कर्मचारीलाई वैज्ञानिक ढंगले काम दिइ मानवसम्वन्धको स्थापना गराइ बढी भन्दा बढी कार्य उत्पादन , दक्ष जनशक्ति उत्पादन , शैक्षिक उपलब्धि हासिल गर्न सक्नु पर्दछ ।

माथिको विश्लेषणलाई हेर्ने हो भने विद्यालयमा व्यवस्थापकको रूपमा कार्यरत विद्यालय व्यवस्थापन समितिले प्रत्येक शिक्षक कर्मचारी प्रशासकको इच्छा रुचि आवश्यकतालाई बुझी सोही वमोजिमको कार्यको जिम्मा दिन सक्नु पर्दछ अनि ती कामदार पक्षबीच मानव सम्वन्धको स्थापना गराउनु सक्नु पर्दछ । यसो भएमा मात्र शैक्षिक

व्यवस्थापनमा प्रभावकारिता आइ गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ नत्र भने अहिलेको जस्तै परिमाणात्मक र शैक्षिक व्यवस्थापनमा अप्रभावकारिताले बढवा /प्रशय पाउने कुरामा दुईमत छैन ।

## २.२ अध्ययनको उपादेयता

विद्यालयको शैक्षिक सुधारमा शिक्षण सिकाईका लागि कक्षाकोठाको व्यवस्थापन विषयसँग सम्वन्धित अध्ययन अनुसन्धानको समीक्षा गरी त्यसको आवश्यक पृष्ठपोषण लिएर यो अध्ययन सामग्री तयार पारिएको छ र यस अध्ययन अनुसन्धानले विद्यालयका व्यवस्थापन समितिहरूलाई शैक्षिक सुधार गर्न सहयोग पुग्दछ । विद्यालयमा भौतिक पक्षको कमजोरीले शैक्षिक गुणस्तरमा पर्ने प्रभावहरूको खोजी गरी समस्याको हल गर्ने उपायहरू प्रस्तुत गर्नुका साथै विद्यालय, प्रधानाध्यापक तथा शिक्षकहरूसँग समुदाय र विद्यालय व्यवस्थापन समितिको सम्बन्ध प्रगाढ र विद्यालयप्रतिको दायित्व तथा जिम्मेवारीको वोध गराइ विद्यालयको वृत्ति विकासमा सहयोग पुग्न सक्दछ । जीर्ण रहेका विद्यालयको शैक्षिक पूर्वाधारहरूलाई मर्मत गर्न, निर्माण गर्न, प्रधानाध्यापकलाई स्रोत जुटाउने उपायहरू अवगत गराउँदछ । त्यस्तै शैक्षिक योजनाकार र शैक्षिक नीति निर्मातालाई पनि यो अध्ययन अनुसन्धानले विद्यालयको शैक्षिक सुधार सम्वन्धी योजना तथा नीति बनाउन आधार प्राप्त हुन्छ । विद्यालय व्यवस्थापन सम्बन्धी र शैक्षिक निर्माण सम्वन्धी अध्ययन गर्ने अध्ययन अनुसन्धानकर्तालाई तथ्याङ्क उपलब्ध गराउँछ र आधारको रूपमा प्रयोग गर्न सकिन्छ ।

उक्त विद्वानहरूको सिद्धान्त र सम्वन्धित लेख, रचनाले सर्वप्रथम विद्यालयमा शिक्षण सिकाईका लागि कक्षाकोठा व्यवस्थापनमा समुदायको कार्यको वारेमा जानकारी गराउदछ । यस शोधपत्रको अध्ययनले विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई विद्यालयका हरेक काम कारवाहीमा प्रत्यक्ष सहभागीका लागि नयाँ आयाम थप्न जान्छ । यिनीहरू विद्यालयमा हुने गरेका परीक्षा सञ्चालनमा अनुगमन, भवन, फर्निचर, मर्मत आदिको निर्माण कार्यमा प्रत्यक्ष सहभागिता जनाउन उत्सुक हुन्छन् । यति मात्र होइन विद्यालय व्यवस्थापन समितिले विद्यालय सेवाक्षेत्रका समुदायसँग राम्रो सम्वन्ध हुने भएकोले शैक्षिक सुधारका लागि समुदायलाई सक्रिय बनाउने कार्य गर्दछ । अर्थात माथिको सिद्धान्त र साहित्यको अध्ययनले विद्यालय व्यवस्थापन समितिले विद्यालय सेवाक्षेत्रका समुदायसँग सम्वन्ध भएकोले शैक्षिक निर्माणका लागि समुदायलाई सक्रिय बनाउने कार्य गर्दछ । अर्थात्

माथिको सिद्धान्त र साहित्यको अध्ययनले विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको शैक्षिक सुधारको आवश्यकता किन पर्दछ ? विद्यालयको शैक्षिक सुधारका लागि के के प्रयासहरू अवलम्वन गर्नुपर्छ ? भन्ने कुराको अवगत गराई विद्यालयको चौतर्फी विकासमा टेवा पुऱ्याउने कार्य गर्न सक्दछ । यस अध्ययनले विद्यालय व्यवस्थापन समितिलाई जिल्ला शिक्षा कार्यालय र सरोकारवालाहरूसँग समन्वय गरी विद्यालयको शैक्षिक सुधारमा ध्यान आकर्षण वढाउन सक्दछ अर्थात् विद्यालय व्यवस्थापन समितिले विद्यालय र समुदाय बीच पुलको रूपमा कार्य गर्न सक्नुपर्छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३. अनुसन्धान ढाँचा

अध्ययन अनुसन्धानबाट प्राप्त गर्न र खोजिएका उदेश्य हासिल गर्न अनुसन्धान कर्ताले अध्ययनको प्रकृति अनुसारको अनुसन्धान ढाँचा अपनाउनु पर्ने हुन्छ । बढी तथ्य परक र गुणात्मक नतिजा प्राप्त गर्न अनुसन्धान ढाँचा व्यवहारि एवं आवश्यक हुनेछ ।

छनोट भएका विद्यालयको जनसंख्यालाई निश्चित प्रश्नावली तयार गरी मिश्रित अनुसन्धानात्मक विधिमा आधारित रहेर वस्तुगत अवस्थाको पहिचान र समस्या समाधानको उपायहरू पत्ता लगाउनुकालागि यो अध्ययन ढाँचा प्रयोग गरिएको छ र अध्ययनको उद्देश्य पूरा गर्न व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचा प्रयोग गरिएको छ ।

## ३.१ जनसंख्या र नमुना

उदयपुर जिल्लाको रुपाटार र ठानागाउँ गाविस अन्तर्गतका सबै ७ वटा विद्यालयहरुमा रहेका ७ जना प्रधानाध्यापक, ५० जना शिक्षक, ७० विद्यालय व्यवस्थापन समिति र १५०० विद्यार्थी गरी जम्मा १६२७ जनसंख्या यस शोध कार्यको कुल जनसंख्याको रुपमा रहेको छ । ती मध्ये यस अध्ययनमा प्रअ ७ जना, शिक्षक २१ जना, विव्यस २१ जना, स्रोत व्यक्ति १ जना र विद्यार्थी १४ जना गरी कुल ६४ जनालाई यस अध्ययनकोलागि नमुनाको आकार मानिएको छ ।

यस शोध पत्रका नमुना छनौट गर्दा शोध पत्रको विषय र उद्देश्यलाई मेल खान सक्ने गरी नमुना संकलन गरिएको हो । विद्यालयको शैक्षिक सुधारमा व्यवस्थापन समितिको भूमिका प्रष्ट्याउन सम्बन्धित पक्ष प्रअ, शिक्षक र विव्यसको भुमिका उल्लेखनीय हुने भएकोले ७ वटा विद्यालयका सबै प्रअहरु, ७ वटा विद्यालयवाट ३ जनाको दरले शिक्षक, ३ जनाको दरले विव्यस सदस्य, एक श्रोत व्यक्ति १ जना र प्रति विद्यालय २ जनाको दरले विद्यार्थीलाई छनौट गरिएको छ आएका तथ्यहरुलाई विश्लेषण गरी राखिएको छ ।

## ३.२ नमूना छनोट विधि

अध्ययन अनुसन्धान तथ्य परक हुन्छ । अनुसन्धान गर्ने क्रममा समग्रताकै अध्ययन गर्न समय र श्रोत साधनले सम्भव नहुन सक्दछ । त्यसैले सम्पूर्ण इकाईबाट केही

प्रतिनिधिमुलक इकाईको छनौट गरी अनुसन्धान गरिएको छ। नमूना छनौंट विधिमा सानो इकाईले सम्पूण जनसँख्याको प्रतिनिधित्व गरेको छ भन्ने मान्यताबाट यस शोधमा प्रधानाध्यापकलाई उद्देश्य पूर्ण विधि शिक्षक विद्यार्थीहरूलाई गोला प्रथा र नमुना छनौटवाट अभिभावक, विद्यालय व्यवस्थापन समितिलाई सुविधाको आधारमा नमूना छनोट गरिएको छ।

## ३.३ नमुना छनोटको आधार

यस अध्ययनमा प्रयोग गरिने नमुना छनोटमध्ये प्रधानाध्यापक १ जना मात्र विद्यालयमा रहने भएकोले उद्देश्यपूर्ण विधिको छनोट गरिनेछ , त्यसैगरी विद्यार्थी धेरै हुने भएकोले १/१ शिक्षक पर्ने गरी र अभिभावक/विद्यालय व्यवस्थापन समिति सधै विद्यालयमा उपस्थित हुन नसक्ने भएकोले सुविधाको आधारमा छनोट गरिएको छ । यसबाट अनुसन्धानको प्राप्ती निष्कर्ष र विश्वसनीय वैद्य प्रतिनिधिमुलक हुने विश्वास गरिएको छ।

## ३.४ तथ्यांकको स्रोत

यस अध्ययनमा प्राथमिक स्रोत अन्तर्गत प्रश्नावली र अन्तर्वाताबाट प्राप्त सूचना र तथ्यांकहरु रहेका छन भने द्धितीय श्रोतका रुपमा विद्यालयका शैक्षिक नतिजा बैठक पुस्तिका प्रतिवेदन अभिलेख आदिको तथ्यांकहरुलाई तालिका बनाई प्रस्तुत गरिएको छ।

## ३.५ अध्ययनका साधनहरू

यस अध्ययनका नमुनामा परेका विद्यालयहरूमा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति/अभिभावक, विद्यार्थी र शिक्षकको लागि प्रश्नावलीका साथै आवश्यकता अनुसार अन्तर्वार्ता समेत सोधकर्ता आफै विद्यालयमा गई सूचना संकलन गरी तथ्य लिने काम गरिएको छ।

## ३.६ तथ्याङ्क संकलनका प्रक्रिया

तथ्याङ्क संकलनका लागि निम्नानुसारको बिधिहरू अपनाइएको छ।

१. प्रश्नाबली

२. अन्तरबार्ता

३. अबलोकन

४. वैयक्तिक अध्ययन

अनुसन्धानको सन्दर्भमा तथ्यांक संकलनको चरणलाई महत्वपूर्ण चरणको रुपमा लिने गरिन्छ । तथ्यांक संकलन विना कुनै पनि अनुसन्धान पूर्ण नहुन सक्छ । आवश्यक तथ्यांकहरुको संकलनबाट अनुसन्धानको निष्कर्ष तथा सत्यतथ्यमा पुग्न सकिन्छ । यस अनुसन्धानको उदेश्यहरुलाई प्राप्त गर्न प्राथमिक तथा द्धितीय तथ्यांक संकलनको तरिका अपनाइएको छ ।

प्रश्नावली भनेको प्रश्नहरुको क्रमबद्ध सूची हो । जुन अनुसन्धानका लागि छानिएका व्यक्तिहरुलाई भर्न लगाइन्छ र सम्बन्धित व्यक्तिहरुले यो प्रश्नावली भरी अनुसन्धान कर्तालाई दिन्छन । यसले गर्दा यो विधिलाई कार्य क्षेत्रको तथ्य प्राप्त गर्न सजिलो श्रोतको रुपमा लिन सकिन्छ । विद्यालयको भौतिक पक्ष कमजोर रहेमा गुणस्तरीय शिक्षा प्रदान गर्न ज्यादै कठिन हुने हुँदा सो को समस्या लेखाजोखाको लागि जानकारी प्राप्त गर्न यो विधि अपनाइएको हो । त्यस्तै अनुसन्धानमा आवश्यक पर्ने सूचना जानकारी प्राप्त गर्न अनुसन्धान दाता वा निजको सहयोगीले अन्तर्वाता गर्दछन । अन्तर्वाता भन्नाले अन्तर्वाताकार र सूचना दाता वीचको दोहोरो संचार मात्र हैन की सूचना दाताको हरेक प्रश्न उपरको दृष्टिकोण पनि प्राप्त गर्न सकिन्छ । अन्तर्वाता आमुने सामुने अन्तर वैयक्तिक भूमिकाको परिस्थिति हो जसमा एक जना व्यक्तिले अर्को व्यक्तिलाई अनुसन्धानको समस्याको उदेश्य अनुरुप प्रश्न सोध्ने र उत्तर ग्रहण गर्ने गर्दछ । यस विधिको उदेश्य कक्षा कोठा व्यवस्थापनबाट शिक्षण सिकाईमा पार्ने प्रभाव बारे जानकारी प्राप्त हुन्छ ।

अनुसन्धानमा लिइने तथ्यांकलाई आधार बनाएर स्वयं अनुसन्धानकर्ता विद्यालयमा पुगी प्रत्यक्ष अवलोकन गर्ने र सम्बन्धित लाभान्वित वर्ग सँग सम्पर्क गरी कक्षा कोठामा शिक्षणको अवस्था थाहा पाउन सकिन्छ । अवलौकिक आँखाले प्राप्त गरेको जानकारी अरु साधनबाट लिइएको भन्दा बढी प्रभावकारी हुन्छ । अनुसन्धानका लागि तथ्यांक संकलन गर्ने विभिन्न साधन मध्ये वैयक्तिक अध्ययन पनि एउटा महत्वपूण सामग्री भएकाले यस अनुसन्धानमा यो विधि पनि अपनाइएको छ ।

### ३.७ तथ्यांक विश्लेषण प्रक्रिया

तथ्यांक संकलन पश्चात् संकलित तथ्यांक र सूचनालाई तथ्यांक संकलनको स्रोत र विषयवस्तुका आधारमा अलग अलग टेबुलेशन गरिएको छ । आवश्यकता अनुसार वर्णन तथा व्याख्याबाट विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : अध्ययनको नतिजा र विश्लेषण

कुनै पनि अध्ययनको सवभन्दा महत्वपूर्ण कार्य भनेको अध्ययन कर्ताले संकलन गरेको तथ्यांकहरुलाई व्याख्या र विश्लेषण गरी सो को नतिजा प्राप्त गर्नु हो । विद्यालयको शैक्षिक अवस्था देखाउने सूचनाको आधारमा विद्यालयको शैक्षिक प्रगति वारे जानकारी हासिल गर्न सकिन्छ । विद्यालयहरूको दुई वर्षको शैक्षिक सुधारका तथ्याङ्कको शैक्षिक गतिविधिहरूलाई यस अनुसन्धानमा प्रस्तुत गरिएको छ । उक्त समयवधिमा सङ्कलित तथ्याङ्कहरूबाट देखाएको परिवर्तनको आधारमा विद्यालयहरूको शैक्षिक सुधारमा विद्यालय कक्षाकोठाको व्यवस्थापनवारे आङ्कलन गर्न सकिन्छ । यसका लागि अवलोकन फारमबाट शैक्षिक सुधारका सूचाङ्कहरूको तथ्याङ्क प्रस्तुत गरिएको छ । तथ्याङ्क सङ्कलनको प्रमुख विद्यालय अभिलेख तथा प्रश्नावली रहेका छन् । सोधकर्ताले स्वयं स्थलगत अध्ययन गरी विभिन्न सम्बन्धित पक्ष सँग स्वयं संलग्न भई लिइएको तथ्यांकलाई यस परिच्छेदमा विवेचना तथा विश्लेषण गरी तालिकीकरण गरी राखिएको छ ।

## ४.१ विद्यालयमा शिक्षण सिकाईको अवस्था

यस अध्ययन अनुसन्धानको क्रममा विद्यालयका शिक्षण सिकाईका लागि कक्षाकोठाको व्यवस्थापनसम्बन्धी विभिन्न सूचना सङ्कलनका साधनहरू प्रयोग गरी प्राप्त गरेको तथ्याङ्कहरूलाई तल व्याख्या गरिएको छ ।

### ४.१.१ उत्तरदाताहरुको विद्यालयको शैक्षिक सुधारका लागि शिक्षण सिकाई प्रक्रियाको विवरण

उपयुक्त विषयवस्तुलाई विश्लेषण गर्नका लागि निम्न सूचनाहरू प्राप्त भयो ।

तालिका १ : विद्यालय शैक्षिक सुधारका लागि शिक्षण सिकाई प्रक्रियामा शिक्षक दरबन्दी सम्बन्धमा

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या |
|---|---|---|
| १ | पर्याप्त | ४ |
| २ | सामान्य | २ |
| ३ | नभए पनि | – |
| ४ | थाहा छैन | १ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

माथिको तालिका अनुसार सहभागी ७ जनालाई विद्यालयमा शिक्षक दरबन्दीले शिक्षण प्रक्रियामा कस्तो असर पार्छ भनी सोधिएको प्रश्नमा शिक्षक दरबन्दी प्रयाप्त हुनु पर्छ भन्नेमा ४ जनाको भनाई र सामान्यमा २ जना साथै थाहा छैन भन्नेमा १ जनाबाट उत्तर प्राप्त भयो । यसरी सो तथ्यांकबाट के प्रष्ट हुन्छ भने शिक्षक प्रर्याप्त भएमा मात्र शिक्षण सिकाई फलदायी हुने र शिक्षक संख्या कम भएमा शिक्षण सिकाई प्रभावकारी नहुने तथ्य प्रमाणित हुन्छ ।

### ४.१.२ प्रधानाध्यापक तथा शिक्षकहरूबाट शिक्षण विधिको प्रयोगको अवस्था

यस अध्ययनको क्रममा विद्यालयको प्रधानाध्यापक तथा शिक्षकहरूबाट कक्षाकोठामा प्रयोग गर्ने शिक्षणविधिको सम्बन्धमा यस प्रकार विश्लेषण गरिएको छ ।

तालिका २ : विद्यालयको शैक्षिक सुधारमा शिक्षकहरुले प्रयोग गर्ने शिक्षण विधि सम्वन्धमा

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या |
|---|---|---|
| १ | विद्यार्थी केन्द्रित विधिहरु | ३ |
| २ | शिक्षक केन्द्रित विधिहरु | ४ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

माथिका तालिका अनुसार के निष्कर्ष निकालिन्छ भने विद्यालयको शैक्षिक सुधारमा शिक्षण विधि एउटा महत्वपूर्ण पाटो हो । त्यसैले शिक्षण विधिबाट नै शिक्षण उपादेयता झल्कने हुँदा तपाईको विद्यालयमा शिक्षकबाट कस्तो शिक्षण विधि अपनाउछन भनी ७ जनालाई प्रश्न सोध्दा ३ जनाबाट विद्यार्थी केन्द्रित विधि र ४ जनाबाट शिक्षक केन्द्रित विधि अपनाएको भन्ने पाइयो । यसरी गुणस्तरीय शिक्षण सिकाई प्रक्रिया अपनाउन विद्यार्थी केन्द्रित विधि नै आवश्यक भएता पनि कक्षा कोठाको व्यवस्थापन राम्रो नभएका कारण शिक्षण प्रक्रियामा विद्यार्थी केन्द्रित विधिबाट शिक्षण गर्न अप्ठारो भएको तथ्य प्रमाणित हुन्छ ।

### ४.१.३ विद्यालयको शिक्षण सिकाई प्रक्रियामा योजना निर्माण

प्रस्तुत अध्ययन अनुसन्धानको सन्दर्भमा नमूना छनोटमा परेको विद्यालयहरूको प्रधानाध्यापक तथा शिक्षकहरूबाट शैक्षिक अवस्थाको सम्बन्धमा योजना निर्माण बारे प्राप्त सुचनाहरू तल व्याख्या गरिएको छ ।

तालिका ३ : विद्यालयको शैक्षिक कार्यमा योजना निर्माणको अवस्था

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या |
|---|---|---|
| १ | दैनिक कार्यतालिका मात्र | ५ |
| २ | वार्षिक कार्यतालिका | १ |
| ३ | छैन | – |
| ४ | कुनै कुनै मात्र | १ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

विद्यालयको शिक्षण प्रक्रियामा योजना निर्माणको प्रमुख भूमिका रहने हुँदा उत्तरदाताहरु सँग तपाईको विद्यालयमा योजनाहरु निर्माण गरेर पठन पाठन गराइन्छ की भनी सोधिएको प्रश्नमा माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने साधारण दैनिक कार्यतालिका मात्र प्रयोग गरेको धेरै विद्यालयमा पाइयो । यसरी योजना विहिन यात्राबाट गन्तव्यमा पुग्न असम्भव भएकाले सबै विद्यालयले गुणस्तरी शिक्षा प्रदान गर्न योजनाबद्ध ढंगबाट कक्षा कोठाको व्यवस्थापनबाट हुनु जरुरी देखिन्छ ।

### ४.२ विद्यालयको भौतिक अवस्था

कुनै पनि विद्यालयको शैक्षिक सुधार हुन त्यस विद्यालयमा रहेको भौतिक व्यवस्थापन नै प्रमुख पक्ष हो त्यसैले प्रस्तुत अध्ययन अनुसन्धानको क्रममा विद्यालयको

भौतिक पक्षको विश्लेषण सम्वन्धी विभिन्न सूचना सङ्कलनका साधनहरू प्रयोग गरी प्राप्त गरेको तथ्याङ्कहरूलाई तल व्याख्या गरिएको छ ।

### ४.२.१ विद्यालयको भौतिक सुविधा (भवन)

विद्यालयको शैक्षिक अवस्थालाई समय सापेक्ष संचालन गर्न भौतिक पूर्वाधार अति आवश्यक हुन्छ । भौतिक मध्ये विद्यालयमा भवन अति आवश्यक भएकाले आ-आफ्नो विद्यालयको भवनको अवस्था कस्तो छ भनी सोधिएको प्रश्नमा उपयुक्त विषयवस्तुलाई विश्लेषण गर्नका लागि सवै विद्यालयवाट निम्न सूचनाहरू प्राप्त भयो ।

तालिका ४ : विद्यालय भौतिक सुविधा

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या |
|---|---|---|
| १ | पर्याप्त | ४ |
| २ | अपर्याप्त | २ |
| ३ | सुधिन लागेको | १ |
| ४ | थाहा छैन | - |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

यस तथ्याङ्क आधारमा हेर्दा अहिले पनि विद्यालयको भौतिक निर्माण गर्नु पर्ने आवश्यकता देखिन्छ । टेलर र फोयलको सिद्धान्तसँग तुलना गर्दा विद्यालय व्यवस्थापन समितिले व्यवस्थापकीय कार्य विभाजन नगरेको प्रमाणित हुन्छ ।

### ४.२.२ विद्यालयमा कक्षा कोठाको अवस्था

यस अध्ययन अनुसन्धानको क्रममा विद्यालयको अध्यक्षहरूबाट विद्यालयको कक्षाकोठाको सङ्ख्याको सम्वन्धमा यस प्रकार विश्लेषण गरिएको छ ।

तालिका ५ : विद्यालयको कक्षाकोठाको अवस्थाको सम्वन्धमा

| क्र.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या |
|---|---|---|
| १ | पुग्ने | ३ |
| २ | नपुग्ने | ३ |
| ३ | अलि अलि पुग्ने | - |
| ४ | धेरै पुग्ने | १ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

कक्षा कोठामा नै बसेर विद्यार्थी शिक्षक वीच शिक्षण प्रक्रिया संचालन हुने हुँदा विना कक्षा कोठा शिक्षण गर्न असम्भव भएकाले तपाईको विद्यालयमा कक्षा कोठा पर्याप्त छन वा छैन भनी सोध्दा पर्याप्त छन भन्नेमा र छैनन् भन्नेमा तीन/तीन जना पाइयो । यसर्थ शिक्षण प्रक्रियामा कक्षा कोठाको व्यवस्थापन राम्रो हुनुपर्छ भन्नेमा सबैको मत भएता पनि अव्यवस्थित कक्षा कोठा व्यवस्थापनबाट शिक्षण प्रक्रियामा असर पर्दछ भन्ने प्रमाणित हुन्छ ।

### ४.२.३ विद्यालयको कक्षा कोठामा फर्निचरको अवस्था

प्रस्तुत अध्ययन अनुसन्धानको सन्दर्भमा सम्वन्धित विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूबाट शिक्षण वातावरणका सम्वन्धमा प्राप्त सूचनाहरू तल व्याख्या गरिएको छ । सम्बन्धित सरोकारवालाहरु सँग तपाईको विद्यालयमा कक्षा कोठा भित्र फर्निचरको अवस्था कस्तो छ भनी तथ्यांक संकलन गरिएको थियो ।

तालिका ६ : विद्यालयको कक्षा कोठामा फर्निचरको अवस्था

| क्र.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या |
|---|---|---|
| १ | ज्यादै | १ |
| २ | कम | २ |
| ३ | सन्तोषजनक | ४ |
| ४ | छैन | - |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

यस तथ्याङ्कबाट के प्रष्ट पार्न सकिन्छ भने विद्यालयको शैक्षिक वातावरणलाई राम्रो वनाउन भवनको सङ्ख्या मात्र पर्याप्त भएर फर्निचरको संख्या अपर्याप्त भएमा कक्षा कोठा व्यवस्थापनमा असर पर्ने हुँदा शिक्षण सिकाई प्रक्रियामा पर्याप्त फर्निचर भएको संख्या बढी देखिएकोले प्रत्येक विद्यालयमा सफल शिक्षणका लागि कक्षा कोठामा फर्निचरको आवश्यक अति जरुरी भएको प्रमाणित हुन्छ ।

### ४.२.४ विद्यालयमा सम्पूर्ण विद्यार्थीहरू वस्न पुग्ने फर्निचरको अवस्था

प्रस्तुत अध्ययन अनुसन्धानका लागि विद्यार्थीहरूबाट विद्यालयमा विद्यार्थी वस्न पुग्ने फर्निचरको अवस्थाको सम्वन्धमा निम्न सूचनाहरू प्राप्त भयो ।

तालिका ७ : विद्यालयमा फर्निचरको अवस्था

| क.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या |
|---|---|---|
| १ | पर्याप्त | ३ |
| २ | अपर्याप्त | ४ |
| ३ | नाम मात्रको | - |
| ४ | छदै छैन | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

यस तथ्याङ्कबाट के वुझ्न सकिन्छ भने विद्यालयमा विद्यार्थीको सख्याको तुलानामा फर्निचर संख्या न्यून रहेको पुष्टि हुन्छ यसबाट विद्यालयको शैक्षिक क्रियाकलाप गर्न कठिनाइ पर्दछ । जसकोकारणले शैक्षिक गुणस्तर खस्कदै गएको पाइन्छ ।यसका लागि वि.व्य.स.लाई सक्रिय बनाइ गैर सरकारी संस्थाबाट फर्निचर उपलब्ध गराउने भरमजदुर पहल गराउनु पर्ने आवश्यक देखिन्छ ।

### ४.३ कक्षा कोठा व्यवस्थापनले कक्षागत उपलब्धिमा पारेको प्रभाव

यस अध्ययन अनुसन्धानको क्रममा विद्यालयको भौतिक पक्षले शैक्षिक गुणस्तरमा पार्ने प्रभाव सम्बन्धी विभिन्न सूचना सङ्कलनका साधनहरू प्रयोग गरी प्राप्त गरेको तथ्याङ्कहरूलाई तल व्याख्या गरिएको छ ।

### ४.३.१ कक्षाकोठा र फर्निचरको उपलब्धताबाट विद्यार्थीको उपस्थिति

उपर्युक्त विषयवस्तुलाई विश्लेषण गर्नका लागि निम्न सूचनाहरू प्राप्त भयो ।

तालिका ८ : विद्यालयमा रहेका कक्षाकोठा र फर्निचरको उपलब्धता

| क्र.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या |
|---|---|---|
| १ | पर्याप्त | ४ |
| २ | अपर्याप्त | २ |
| ३ | काम चल्ने | १ |
| ४ | थाहा छैन | - |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

कक्षा कोठामा शिक्षक विद्यार्थी वीच हुने क्रियाकलापलाई शिक्षण भनिन्छ । शिक्षक वा विद्यार्थीको अनुपस्थितमा शिक्षण सम्भव हुदैन । तसर्थ कक्षा कोठा भित्र विद्यार्थी बस्न आवश्यक फर्निचरको व्यवस्था हुनु जरुरी छ । सम्बन्धित व्यक्तिहरु सँग तथ्यांक संकलन गर्दा उक्त तथ्यांकलाई समग्रमा हेर्दा हाल विद्यालयहरूमा कक्षाकोठा र फर्निचरको सङ्ख्या विद्यार्थी सङ्ख्याको तुलनामा पर्याप्त रहेका छन् । विद्यालयहरूमा कक्षाकोठा र फर्निचरको संख्या पुग्दो बनाउनुमा विद्यालय व्यवस्थापन समिति र गैरसरकारी संस्थाहरूमा श्रेय जान्छ । फ्योलको सिद्धान्त अनुसार कार्य प्रणाली व्यवस्थापन विद्यालयहरूमा गरेको प्रमाणित हुन्छ ।

### ४.३.२ विद्यालयमा अध्यापन कार्यको सहजता

प्रस्तुत अध्ययन अनुसन्धानको क्रममा विद्यालयको प्रधानाध्यापक तथा शिक्षकहरूबाट अध्ययन कार्य गर्न असहज हुने सम्वन्धमा प्राप्त गरेका तथ्याङ्कहरूलाई तल व्याख्या गरिएको छ ।

तालिका ९ : विद्यालयमा अध्ययन कार्य गर्न असहज हुने सम्वन्धमा

| क्र.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या |
|---|---|---|
| १ | तालिम नलिएको | - |
| २ | भौतिक सुविधा अपर्याप्त भएकोले | २ |
| ३ | विषयवस्तुकठिनाइले | - |
| ४ | शैक्षिक सामग्री नभएको | ५ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

विद्यालयमा अध्यापन कार्यको सहज र असहज हुने कारणहरु के के हुन सक्छ ? भन्ने प्रश्नको आधारमा सम्बन्धित सरोकारवालाहरु सँग प्रश्न सोध्दा माथिको तथ्यांक अनुसारबाट हामी के प्रष्ट हुन्छैं भने विद्यालय शिक्षण क्रियाकलापमा भौतिक पक्षले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । वास्तावमा भौतिक पक्ष सम्पन्न भएको विद्यालयको शिक्षकहरूमा आफ्सेआफ जोश जाँगर आउने गर्छ । अर्थात विद्यालयको शैक्षिक गुणस्तरमा अभिवृद्धिका लागि सहायक हुन्छ ।

### ४.३.३ विद्यालयमा भएको शैक्षिक नतिजाको विवरण

प्रस्तुत अध्ययन अनुसन्धानको क्रममा विद्यालयको अभिलेखबाट सम्बन्धित विद्यालयहरुको शैक्षिक सत्र २०६९/७० को कक्षा ५ को गणित विषयको सिकाई उपलब्धी निम्न अनुसार पाइयो ।

तालिका १० : विद्यालयमा भएको शैक्षिक नतिजाको विवरण

| क्र.सं. | विद्यालयको नाम | कक्षा ५ को गणित विषयको सिकाई उपलब्धी २०६९ | कक्षा ५ को गणित विषयको सिकाई उपलब्धी २०७० |
|---|---|---|---|
| १ | श्री म.र.उ.मा.वि. रुपाटार | ४६ | ४८ |
| २ | नि.मा.वि. मादले | २३ | २२ |
| ३ | मा.वि.कटहरे | ४० | ४२ |
| ४ | नि.मा.वि. रामपुर | १७ | १९ |
| ५ | उ.मा.वि. ठानागाँउ | २६ | ३७ |
| ६ | नि.मा.वि.जतनपुर | १८ | २१ |
| ७ | प्रा.वि.थुम्की | ३६ | ३१ |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

छनौटमा परेका विद्यालयहरुको श्रोतकर्ता आफै विद्यालयमा उपस्थित भई विद्यालयको अभिलेख तथा प्रत्यक्ष अवलोकनबाट माथि तालिका अनुसार विवरण भरी सो तथ्यांकलाई आधार मान्दा जुन विद्यालयको कक्षा कोठाको व्यवस्थापन तथा भौतिक सामग्री लगायत शिक्षक दरबन्दी पर्याप्त भएको विद्यालयको नतिजा राम्रो पाइयो । यसर्थ सिकाई उपलब्धी दर वृद्धि गर्न कक्षा कोठाको व्यवस्थापन राम्रो हुनु पर्ने तथ्य प्रमाणित हुन्छ ।

## ४.४ कक्षा कोठा व्यवस्थापनमा चुनौतीहरुको समाधान

विद्यालयमा प्राप्त स्रोत र साधनको बैज्ञानिक ढंगले बाड्फाड् गरिनु, आर्थिक स्रोत जुटाउन समितिका सबै पदाधिकारीहरुको सक्रिय सहभागिता हुनु, स्रोत जुटाउनका लागि विभिन्न गैन्हसरकारी, सरकारी, संघ संस्थामा माग गरिनु पर्ने, प्राप्त रकमको योजना तथा कार्यान्वयन सबै पक्षको सहभागिताबाट हुनुपर्ने अनुगमनमा पारदर्शिता हुनु पर्ने । विद्यालय

व्यवस्थापन समिति र प्रधानाध्यापकका लागि व्यवस्थापकीय कार्यकुशलता अभिवृद्धि हुने तालिमहरू सञ्चालन गरिनुपर्छ । समुदायमा रहेका स्थानीय स्रोतसाधन परिचालनका लागि सीपमूलक तालिम दिइनुपर्दछ।

राजनैतिक प्रभावबाट विद्यालयलाई मुक्त राख्न प्रयास हुनुपर्दछ । व्यवसायिक र रोजगारमूलक शिक्षामा जोड दिनुपर्दछ । विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकबीच समय समयमा छलफल र अन्तरक्रिया भइरहनुपर्दछ । विद्यालय व्यवस्थापन समितिलाई अझ बढी दायित्व र जिम्मेवारी दिनुपर्दछ । अधिकारको बढी हिस्सा प्रधानाध्यापकमा नै हुनुपर्दछ । विद्यालय व्यवस्थापन समिति विद्यालयको सर्वेसर्वा निकाय होइन केवल विद्यालय विकासको सच्चा सहयोगी हो भन्ने सचेतता विद्यालय व्यवस्थापन समितिमा ल्याउनुपर्दछ । विद्यालयको अर्थिक क्षेत्रलाई सामाजिक परीक्षणद्वारा सार्वजनिक गर्नुपर्छ ।

### ४.४.१ आर्थिक श्रोत संकलन र परिचालन तथा जनशक्ति व्यवस्थापन अनुगमन

तालिका ११ : भौतिक निर्माणका लागि आर्थिक स्रोत जुटाउने माध्यम २०७०

| क.सं. | विद्यालयको नाम | आन्तरिक स्रोतबाट | सरकारी स्रोतबाट | गैरसरकारी स्रोतबाट | समुदायबाट |
|---|---|---|---|---|---|
| १. | श्री म.र.उ.मा.वि. रुपाटार | छैन | छैन | छ | छ |
| २ | नि.मा.वि. मादले | छैन | छैन | छ | छैन |
| ३ | मा.वि.कटहरे | छैन | छैन | छ | छ |
| ४ | नि.मा.वि. रामपुर | छैन | छ | छ | छ |
| ५ | उ.मा.वि. ठानागाँउ | छैन | छ | छ | छ |
| ६ | नि.मा.वि.जतनपुर | छैन | छैन | छ | छ |
| ७ | प्रा.वि.थुम्की | छैन | छैन | छ | छ |

स्रोत : विद्यालय अभिलेख, २०७०

तालिकाको अध्ययनले नमूना छनोटमा परेका विद्यालयहरू निर्माण कार्य गर्न आर्थिक स्रोत जुटाउने माध्यम र प्रयासहरू प्रस्तुत गरिएको छ । यस अध्ययनले विद्यालय व्यवस्थापन समितिको सक्रियता र भूमिकको अवस्थावारे वताउछ। त्यसमा श्री महेन्द्र रत्न उच्च मा.वि. रुपाटार बाहेक नमूना छनोटमा परेका अरू विद्यालयहरूसँग आवश्यकता अनुसार जग्गा नभएको हुर्दा आन्तरिक स्रोत नभएको प्रमाणीत गर्दछ। यी विद्यालयहरूको प्रधानाध्यापकको सक्रियता खास गरी गैर सरकारी संस्था (प्लान नेपाल) बाट आर्थिक स्रोत जुटाई विद्यालयको भौतिक निर्माण कार्यहरू गरेका छन् । आर्थिक स्रोतको विषयमा यी विद्यालयहरूले दुई वर्ष भित्र कुनै सुधार ल्याउन सकेन । श्री प्रा.वि.थुम्कीले समुदायलाई परिचालन गर्न नसक्नुका कारणले भौतिक निर्माणका लागि आर्थिक स्रोत जुटाउन हम्मे हम्मे परेको छ। यस विद्यालय गरिब समुदायको माझमा अवस्थित भएकाले समुदायबाट आर्थिक स्रोत जुटाउन सकिदैन ।

### ४.४.२ प्रधानाध्यापक तथा शिक्षकहरुबाट कक्षा कोठाको व्यवस्थापन

विद्यालयको भौतिक सुधारमा कक्षा कोठाको व्यवस्थापनमा शिक्षक तथा प्रधानाध्यापकले कस्तो भुमिका निर्वाहा गरी रहेका छन भन्ने प्रश्नको उत्तरमा निम्न तथ्यांक प्राप्त भयो ।

तालिका १२ : प्रधानाध्यापक तथा शिक्षकहरुबाट कक्षा कोठाको व्यवस्थापनको अवस्था

| क.सं. | उत्तर | संख्या |
|---|---|---|
| १ | आर्थिक श्रोत जुटाउने | ३ |
| २ | सरोकारवाला सँग छलफल | २ |
| ३ | सामग्री खरिद गर्न | १ |
| ४ | माथिका सबै | १ |

स्रोत : विद्यालय अभिलेख, २०७०

कक्षा कोठा व्यवस्थापनमा शिक्षकहरुको सक्रियता कति रहन्छ भनी सम्बन्धित शिक्षक, प्रधानाध्यापकबाट माथिको तालिका के प्रष्ट हुन्छ भने आर्थिक श्रोत जुटाउने तर्फ नै सबैको ध्यान केन्द्रित भएको पाइन्छ । आर्थिक निर्माण कार्यको मेरुदण्ड भन्ने कुरा सम्बन्धित सरोकारवालाहरुलाई अवगत रहेको पाइन्छ ।

### ४.४.३ विद्यालयको भौतिक निर्माणमा विद्यलायव्यवस्थापन समितिको उपस्थिति

यो अध्ययनको क्रममा विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूबाट भौतिक निर्माणमा विद्यालय व्यवस्थापन समितिको उपस्थिति सम्वन्धमा प्राप्त सूचनाहरू निम्नानुसार प्राप्त भयो ।

तालिका १३ : विद्यालयको भौतिक निर्माणमा विद्यालय व्यवस्थापन समितिकाको उपस्थिति

| क्र.सं. | उत्तर | उत्तर दिनेको सङ्ख्या |
|---|---|---|
| १ | प्रत्येक पटक | ५ |
| २ | कहिलेकाँही | १ |
| ३ | धेरै कम | १ |
| ४ | हुदै हुँदैन | - |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

प्रस्तुत तालिका अनुसार विद्यालयको भौतिक निर्माणमा वि.व्य.स.को उपस्थिति कतिको हुन्छ ? भन्ने प्रश्नमा ५ जनाले प्रत्येक पटक, १/१ जनाले कहिलेकाही र धेरैकममा उत्तर दिएका छन भने हुदै हुदैनको उत्तरमा १ जना पनि नरहेको देखिन्छ । यस तथ्याङ्बाट के निष्कर्षमा पुग्न सकिन्छ भने विद्यमान विद्यालयहरूको वि.व्य.स.ले विद्यालयमा गर्नुपर्ने भौतिक निर्माणको कार्यमा सहभागिता उच्च रहेको देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

विद्यालयको विकास भन्नु नै शैक्षिक प्रगतिका सूचकहरूमा हुने वृद्धि,आर्थिक एवम् भौतिक अवस्थामा आउने सुधार आदि पक्षहरू हुन यसका लागि विद्यालय व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण हुने गर्दछ । विद्यालय व्यवस्थापन समितिले भौतिक पूर्वाधारमा कक्षा कोठा व्यवस्थापनमा कस्तो भूमिका खेलेको छ । उल्लेखित पक्षहरूमा के कति सुधार आउन सक्यो वा सकेन ? अन्य के कस्ता राम्रा र नराम्रा पक्षहरू रहेका छन् । कक्षा कोठा व्यवस्थापनबाट शिक्षण सिकाईमा कस्तो प्रभाव रहन्छ आदि विषयमा प्रस्तुत अध्ययनको सन्दर्भमा विभिन्न प्रकारका तथ्याङ्कहरू विभिन्न माध्यमद्वारा सङ्कलन गर्ने कार्य सम्पन्न भयो । विद्यालयका अभिलेखहरू तथा विद्यालयसँग सरोकार राख्ने विद्यालय प्रधानाध्यापक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घ,स्रोतव्यक्ति तथा शिक्षाप्रेमी महानुभावहरूका अनुभव एवम् आधिकारिक धारणाहरूबाट तथ्याङ्कहरू सङ्कलन गरियो । सङ्कलित तथ्याङ्कहरूको आधारमा विद्यालय व्यवस्थापन समितिको भूमिका अवगत भए पश्चात् शिक्षण सिकाईमा देखिएका प्रभावहरू यस प्रकारका छन् ।

## ५.१ प्राप्ति

यसरी विद्यालयको भौतिक, शैक्षिक र आर्थिक पक्षको विकासको निमित्त सफल शिक्षण सिकाईको लागि कक्षाकोठा व्यवस्थापन हुनु नितान्त आबश्यक छ । समितिलाई आफ्नो विद्यालय प्रतिको जिम्मेवारी उत्तरदायित्वको वोध गराई विद्यालयमा शैक्षिक गुणस्तर बृद्धि गर्नमा मद्दत पुऱ्याउने भौतिक साधन, शैक्षिक सामाग्रिहरु, फर्निचरको उचित व्यवस्था गर्नु पर्छ भन्ने कुराको समेत वोध हुनु आवश्यक छ । विद्यार्थी केन्द्रित शिक्षण विधि सञ्चालन गर्न पर्याप्त सुलभ कक्षाकोठाको व्यवस्था गर्नु जरुरी हुन्छ । यस्तै विव्यसले स्वायत्तता प्राप्त गर्न सक्नु पर्छ । शिक्षक विद्यार्थीको औषत वार्षिक उपस्थिती दर बृद्धि गर्न माध्यामिक तह पुरा गर्ने दर साथै सिकाई उपलव्धि दर वृद्धि गर्न आकर्षक कार्ययोजना ल्याउनु आबश्यक देखिन्छ । समितिका पदाधिकारीहरुलाई विद्यालय हाम्रो हो र यसमा हामीले महत्वपुर्ण भूमिका निर्वाह गर्नु पर्छ भन्ने भावना, विद्यालय प्रतिको जिम्मेवारी तथा दायित्व वढि मात्रमा थपिनु आवश्यक छ । जसवाट समितिको सक्रियता र चासो वढन गई सरकारको मुख ताक्ने प्रवृत्ति घटछ र हामीले नै गर्नु पर्ने वोध हुन जान्छ । विव्यसले विद्यालय र समुदाय वीचको सम्बन्ध सुमधुर र ताजा राख्न क्रियाशिल हुनु पर्दछ । जसवाट

विद्यालय हाम्रो संस्था हो भन्ने भावना समुदायमा जागृत गराउन सक्नु पर्दछ । आर्थिक कारोवारलाई पारदर्शि वनाउनु, महत्वपुर्ण निर्णयहरुमा समुदायको उपस्थिती जनाउनु, विद्यालयको भौतिक सुधार मर्मत गर्नु, वालवालीकालाई विद्यालयमा भर्ना गराउन विशेष कार्यक्रम संचालन गर्नु, विद्यालयलाई राजनैतिक चलखेलवाट मुक्त गराउनु, विद्यालयको प्रशासनिक, आर्थिक कारोवार चुस्त र दुरुस्त राख्न लगाउनु, विभिन्न निकायवाट प्राप्त सहयोगलाई सहि ठाउँमा सदुपयोग गर्न लगाउनु, शिक्षक नियुक्तिमा नातावाद, कृपावादवाट मुक्त भई योग्य र दक्ष शिक्षक नियुक्ति गर्नु विद्यालयमा अनुगमन तथा शिक्षकहरुको तालिमको व्यवस्था वारे वोध हुन आवश्यक छ । तर उक्त विद्यालयहरुमा समितिका केहि कमजोरीहरु नभेटिएका होइनन् जसमध्ये विव्यसमा आफु सर्वे सर्वा भएको ठान्नु, राजनैतिक चलखेल वढनु, प्रशासनिक काम कारवाहीमा अनावश्यक दवाव दिनु, शिक्षक नियुक्तिमा आफ्नो मान्छे नियुक्ति गर्न दवाव दिनु, टाठा वाठाहरुले प्रभुत्व जमाउनु, आफ्नो दायित्व र जिम्मेवारीको वोध नहुनु, व्यवस्थापकीय कार्य सम्पादनकालागि विव्यस पुर्ण सक्षम नहुनु, विद्यालयमा अनुगमनको पाटो निष्कृय हुनु, जिल्ला शिक्षा कार्यालयवाट समेत निरिक्षण तथा अनुगमन हुन नसक्नु आदि विद्यालयका कमि कमजोरीहरु अध्ययनका क्रममा पाईयो ।

### ५.२ निष्कर्ष

यस इनामे स्रोतकेन्द्र अन्तर्गतका सात वटा विद्यालयहरूको अध्ययन गर्दा प्रकृयागत रूपमा विद्यालय व्यवस्थापन समितिको गठन भएको पाइयो । प्राय धेरै जसो विद्यालयका वि.व्य.स. तथा शिक्षकहरुको विद्यालय प्रतिको दायित्व र जिम्मेवारीका सवालमा कमजोर रहेको छ भने आफु त्यहाको सर्वेसर्वा हुँ भन्ने किसिमको भावना रहेको अध्ययनका क्रममा भेटियो । सङ्कलित अवलोकन फारामको आधारमा हेर्दा विव्यसमा राजनैतिक प्रभावित व्यक्तिहरू नै वि.व्य.स.को पदाधिकारीमा छनोट भएको पाइयो । प्राय सवै विद्यायहरुको भौतिक अवस्था सन्तोषजनक रहेको पाइन्छ भने शैक्षिक सामाग्रिहरु खेल मैदान, खानेपानी, शौचालय आदिको उचित मात्रमा व्यवस्था नभएको वा पर्याप्त नभएको कुरा अध्ययनवाट थाहा हुन्छ । धेरै जसो विद्यालयको आन्तरीक श्रोत कमजोर रहेको छ । कारण पहाडी क्षेत्र, गरीव वस्ति, पिछडिएको क्षेत्र, राज्यले पहुँच पुऱ्याउन नसकेको आदि कारणले यी विद्यालयहरुको आर्थिक स्तर कमजोर हुनुको मुख्य कारण रहेको छ । जुन विद्यालयमा विव्यस केहि मात्रमा सक्रिय छन् ती विद्यालयका भौतिक, शैक्षिक पक्ष तुलनात्मक रुपमा

सवल छन । यस्तै विद्यालयका विव्यस, प्रअ, समुदाय तथा सरोकारवालाहरुसंग खासै अन्तरक्रिया नगरेको पाइयो । साथै विव्यस अध्यक्षले व्यक्तिगत स्वार्थलाई वढी प्राथमिकता दिएको कारणले पनि विद्यालयको सर्वाङ्गिण पक्षमा खासै सुधार नभएको अध्ययनको क्रममा भेटियो ।

## ५.३ सुझाव

यसरी माथि प्रस्तुत तथ्याङ्कहरूको आधारमा असल कक्षाकोठा व्यवस्थापन कमजोर भएपछि देखिएका शिक्षण सिकाईका नराम्रा प्रभावहरूलाई सुझावको रुपमा प्रष्ट्याउने जमर्को गरीएको छ । विव्यसको क्षमता अभिवृद्धि गर्न सम्बन्धित निकायहरुवाट विशेष कार्यक्रमहरु वेला वेलमा संचालन गरिनु पर्छ । विव्यस र प्रअका लागि व्यवस्थापकीय कार्य कुशलता, आदि बृद्धि हुने खालको तालिमहरु संचालन गरिनुका साथै समुदायमा रहेको स्थानीय साधन श्रोत परिचालनकालागि सीपमूलक तालिम दिएर शैक्षिक प्रगतिमा पुरस्कार र दण्डको नीति अवलम्बन गरीनु आवश्यक छ । विद्यालयलाई राजनैतिक प्रभाववाट टाढा राख्नुका साथै अभिभावकमा शिक्षामा लगानी गर्नु पर्छ भन्ने भावना जागृत गराउनु नितान्त आवश्यक छ । विद्यालयमा दिइने शिक्षा व्यवसायिक र रोजगारमूलक हुनुमा विशेष जोड दिनु पर्ने देखिन्छ । समय समयमा विव्यस शिक्षक र अभिभावक वीच छलफल र अन्तरक्रिया हुनुको साथै आ-आफ्नो दायीत्व र जिम्मेवारीको महसूस गराउनुको साथै प्रअको चाहि विशेष जिम्मेवारी रहनु पर्ने देखिन्छ । विव्यस र अभिभावक विद्यालयको सच्च पहरेदार, शैक्षिक, भौतिक व्यवस्थापनको जिम्मेवारीको हिस्सेदार भन्ने भावना जागृत गराउनु पर्ने र विद्यालय प्रति वढी आकर्षित गराउनु पर्ने अवस्था देखिन्छ । र विद्यालयको आर्थिक पक्षलाई सामाजिक लेखा परिक्षणवाट सार्वजनिक गरी पारदर्शि वनाउनु नितान्त आवश्यक देखिन्छ ।

शिक्षण सिकाईका लागि कक्षा कोठाको असल व्यवस्थापनबाट विभिन्न शैक्षणिक विधिहरु संचालन गरी गुणस्तरीय शिक्षा प्रदान सकिन्छ । राम्रो कक्षा कोठाको व्यवस्थापनबाट शिक्षण विधिलाई सहयोग गर्ने मात्र नभएर विद्यार्थीको उस्थितिलाई समेत प्रभाव पार्ने हुँदा सफल शिक्षणको निम्ति प्रर्याप्त भौतिक सुविधाको व्यवस्थापन अनिवार्य शर्त हो । त्यसैले प्रधानाध्यापक लगायत सम्पूण सरोकारवालाहरुले सफल शिक्षण सिकाईका लागि कक्षा कोठाको व्यवस्थापन प्रमुख पक्ष रहेको तथ्य कदापी भुल्नु हुदैन ।

छनौटमा परेका विद्यालयहरुमा शिक्षण सिकाई क्रियाकलापलाई व्यवस्थित गर्न सर्व प्रथम शिक्षक दरबन्दी पर्याप्त हुनु अत्यन्तै जरुरी छ । भौतिक पूर्वाधारमा कक्षा कोठाको व्यवस्थापन प्रमुख पाटो हो । किनकी कक्षा कोठामा नै शिक्षण सिकाई प्रक्रिया संचालन गरिन्छ । विद्यार्थी संख्या अनुसार कक्षा कोठा र फर्निचर निर्माण साथै कक्षा कोठा भित्रको असल वातावरण प्रदुषण मुक्त प्रकाश छिर्ने, कालोपाटीको व्यवस्था राम्रो हुनु नितान्त जरुरी छ । विद्यालयको भौतिक सुधारमा हरेक पक्षलाई मजबुत बनाउन समुदाय सँगको सम्बन्धलाई निरन्तरता दिदैं अर्काको मुख नताकी आफ्नै बाहुवलबाट यो हाम्रो सम्पत्तिको जर्गेना गर्नु पर्छ भन्ने चेतना समुदायमा जगाउनु प्रधानाध्यापक तथा सरोकारवालाहरुको प्रमुख भूमिका रहन्छ ।

# सन्दर्भ ग्रन्थ


काफ्ले, वासुदेव,श्रेष्ठ,चन्द्रबहादुर, र सिन्हा, रामस्वरूप(२०६२), *शैक्षिक प्रशासनर सुपरिवेक्षण,* भोटाहिटी, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* भोटाहिटी, काठमाडौ :विद्यार्थी पुस्तक भण्डार ।

खनाल, मुकुन्दमणी र आचार्य, सुशन, (२०६०), *शिक्षाको वितीय अर्थसास्त्र,* काठमाण्डौ :मकालु वुक्स सप्लायर्स ।

डंगोल, नारायणमान(२०६१), *समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरूको विगत र वर्तमान अवस्थाको तुलनात्मक अध्ययन* :किर्तिपुर, काठमाण्डौ : विश्वविद्यालय क्याम्पस (अप्रकाशित ) ।

दाहाल, केशवप्रसाद(२०६१), *शिक्षामा विकेन्द्रिकरण र समुदाय विद्यालय व्यवस्थापन हस्तान्तरण,* शैक्षिक वर्ष ६ अंक १, काठमाण्डौ : मकालु प्रकाशन गृह ।

निरौला, सुभाष (२०६२/०६३), *सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव एक अध्ययन,* ताहचल काठमाण्डौं : महेन्द्ररत्न क्याम्पस ।

नीतिगत अनुसन्धान परामर्श केन्द्र (२०६४), (सिप्रेक), *सामुदायिक विद्यालय व्यवस्थापन सचेतना,* हाते पुस्तिका १०१, काठमाण्डौं ।

पौडेल, हेमराज(२०६३), *शिक्षा ऐन आठौं संसोधन,* डिल्लीवजार, काठमाण्डौ : मकालु प्रकासन गृह ।

बरूवाल, पुष्पवहादुर(२०५६), *काठमाण्डौ जिल्लाका मा.वि.को शिक्षण सुधारमा प्र.अ.को भुमिका एक अध्ययन* : शोधपत्र त्रि.वि.वि.(अप्रकाशित) ।

शर्मा, गोपिनाथ(२०६६), *शिक्षा आयोगका प्रतिवेदनहरू* : काठमाण्डौ : मकालु प्रकासन गृह ।

*समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य प्रणाली निर्देशिका २०६०,* (CSSP) ।

सिन्हा, रामस्वरुप(२०६२), *नेपालमा विद्यालय शासन एक समिक्षा,* काठमाण्डौ : मकालु प्रकाशन गृह ।

सिग्देल, भूवनप्रसाद (२०६२), *समुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरण कार्यक्रम अन्तर्गत सुर्खेत जिल्लामा सञ्चालित समुदायिक विद्यालयका समस्याहरू विश्लेषणात्मक अध्ययन,* सुर्खेत : सुर्खेत क्याम्पस ।

सिंह, नागेश्वर (२०६६), *शिक्षाको आधार,* काठमाडौं : पैरवी प्रकाशन ।

सुवेदी, रामकृष्ण (२०६०), *समुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरण* :एक परिचय, शैक्षिक उन्नयन वर्ष ५, २०६० पौष, काठमाण्डौ : मकालु प्रकाशन गृह ।

श्रेष्ठ, चन्द्रबहादुर र वस्न्यात, संझना(२०६६), *शिक्षाको परिचय,* काठमाण्डौं : भुँडीपुराण